सूचनाको हक : सफलताका कथाहरू

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

२०७४ पुष

पुस्तक : सूचनाको हक : सफलताको कथा
प्रकाशक : राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल
इमेलः info@ nic.gov.np
फोनः ४४९६५४४, ४४६४४१२
फ्याक्सः ४४९६५४५
वेभसाईटः www.nic.gov.np
प्रकाशन : १००० प्रति
मुद्रण :

राष्ट्रिय सूचना आयोग

श्री कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

श्री किरणकुमार पोखरेल
सूचना आयुक्त

श्री यशोदादेवी तिम्सिना
सूचना आयुक्त

श्री शंकरप्रसाद पाठक
सचिव

हाम्रो भनाई

शासन प्रणालीलाई पारदर्शी र जवाफदेही बनाउँदै सेवाग्राही जनतामा सरल र सहज ढंगले अधिकतम सेवा प्रदान गरी सु-शासनमार्फत सम्वृद्ध समाज निर्माणको उद्देश्य राखेर लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकलाई सूचनाको हक प्रदान गरिएको हुन्छ । ऐतिहासिक जनआन्दोलन २०४६ पछि स्थापित प्रजातन्त्रसँगै सूचनाको अन्तिम मालिक जनता नै हो भन्ने भावनालाई आत्मसात् गरेर यसको दायरा फराकिलो पार्दै वर्तमान संविधानको धारा २७ मा सूचनाको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरिएको छ भने यसको
कार्यान्वयनका लागि सूचनाको हकसम्वन्धी ऐन, २०६४ लागू भएको छ ।

सूचनाको हक शासन प्रणालीको खबरदारी गर्ने नागरिकको सशक्त हतियार त हुँदै हो, यो सामाजिक न्यायको एजेन्डा पनि हो । यसको प्रयोगबाट जनताको स्वतन्त्रताको सर्वोच्चता स्थापित हुन्छ । जनतामा यसबारे चेतना नहुँदा संविधान र कानुनले परिकल्पना गरे पनि त्यो पवित्र उद्देश्य पुरा हुन कठिन भैरहेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा नागरिकलाई जागरुक बनाउन र सूचना मागमा वढोत्तरी ल्याउन सूचना माग्दा जनताका दैनिक जीवनमा पार्ने प्रभावबारे उनीहरुलाई जानकारी गराउने उद्देश्यले आ.व. २०७२/७३ मा सूचनाको हकका घट्ना र गतिविधिलाई समेटेर यसअघि सूचनाको हक प्रयोगका सफलताका कथाहरू प्रकाशित गरिएको थियो । सफलताका कथासम्वन्धी आयोगको त्यो नै पहिलो प्रकाशन थियो । यसपटक आ.व. २०७३/७४ का घटना र गतिविधिलाई समेटेर पुनः दोश्रो श्रृंखलाका रुपमा आयोगले सूचनाको हकः सफलताका कथाहरू प्रकाशित गरेको छ । यस पुस्तकमा २० वटा सफलताका कथा समेटिएका छन् । यी विवरण उपलब्धगराउने सूचनाको हकका अभियन्ताको परिचय पनि यसमा समेटिएको छ ।उहाँहरु धन्यवादका पात्र हुनुहून्छ । सफलताका कथा संकलन गर्न, सम्पादन गर्न र प्रकाशन गर्न सहयोग गर्ने सामुदायिक रेडियो साझेदारीलाई पनि हामी धन्यवाद दिन चाहान्छौं । प्रस्तुत प्रकाशनबाट आम नेपाली नागरिकलाई सूचनाको हकको प्रयोगबाट जनजीवनमा पार्ने प्रभाव तथा संविधान र कानुनले सुनिश्चतता प्रदान गरेको सूचनाको अधिकारको तागतवारे बुझ्न मद्धत गर्ने छ भन्ने हामीलाई विश्वास छ। यसैगरी सार्वजनिकनिकायका पदाधिकारीहरुलाई आफ्नो दायित्व पुरा गर्न प्रेरित गर्नेछ भन्ने पनि हाम्रो अपेक्षा हो । यो पुस्तक तयार पार्न आयोगलाई सवै पक्षवाट प्राप्त सहयोगका लागि सवैप्रति आभार प्रकट गर्छौं ।

यशोदादेवी तिम्सिना	*किरणकुमार पोखरेल*	*कृष्णहरि बाँस्कोटा*
सूचना आयुक्त	*सूचना आयुक्त*	*प्रमुख आयुक्त*

विषय सूची

क्र.सं.	विषय	पेज नं.
१.	विश्वविद्यालय आफ्नो नीतिमा पुनरावलोक गर्न बाध्य	१
२.	आयोगको आदेशपश्चात मात्र सूचना अधिकारीको सूचना	५
३.	औषधालय पूरा समय सञ्चालनमा आयो	८
४.	सूचनाले स्वयंसेवक परिवर्तन	११
५.	मनोमानी ढंगले बत्तीसवटा आयोजना वितरण गरिएको खुलासा	१४
६.	सूचना नदिई शुल्क लिने निर्णय फिर्ता	१७
७.	नि : शुल्क औषधिको सूची प्राप्त भयो	२०
८.	विना मापढण्ड ताजविजमा बजेट खर्च गरेको खुलासा	२३
९.	बक्यौता रकम उठ्यो	२६
१०.	सूचना अधिकारीलाई सूचनासहित निर्देशन	२९
११.	सूचना मागले सडक समस्या समाधान	३३
१२.	सूचना उपलब्ध नगराउने प्रमुखलाई पाँचहजार रुपैयाँ जरिवाना	३६
१३.	रकम दुरुपयोग भएको रहस्योद्घादन	३९
१४.	ठेकेदारलाई सहमति गराइयो	४२
१५.	सेवा अवरुद्ध भए पनि महसुल असुल उपर	४५
१६.	बजेट निकासा भएको ६ वर्षमा पनि भवन नबनेको खुलासा	४८
१७.	सूचना माग, आदेश र कार्यान्वयन एकै दिनमा	५१
१८.	कार्यकारी अधिकृत र सूचना अधिकारीलाई दशहजार जरिवाना	५४
१९.	नागरिकलाई स्वास्थ्य उपचारको हकबाट बन्चित नगर्नु/नगराउनु भन्ने आदेश	५७
२०.	अट्ठाइस विद्यार्थीलाई छात्रवृत्तिको रकम वितरण	६०

१

विश्वविद्यालय आफ्नो नीतिमा पुनरावलोकन गर्न बाध्य

राष्ट्रिय सूचना आयोगको आदेश पछि सूचना मागकर्तालाई विराटनगरस्थित पूर्वाञ्चल विश्वविद्यालय सूचना दिन बाध्य भयो । विश्वविद्यालय सूचना दिन बाध्य मात्र भएन, उपलब्ध गराइएको सूचना सार्वजनिक भएपछि पूर्ववत् शुल्क निर्धारण र अंक गोप्य राख्नेसम्बन्धी कार्यविधिमा पुनरावलोकन गर्ने टुंगोमा पुगेको छ ।

विद्यार्थीले परीक्षा दिएको विषयमा प्राप्त अंक चित्त नुबुझे उत्तरपुस्तिका हेर्न पाउनेसम्बन्धी पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतको परीक्षा नियन्त्रण कार्यालयको नीतिगत व्यवस्था र निर्णयको प्रमाणित प्रतिलिपि पाऊँ भनी सूचनाको हकका वकालतकर्ता राजु श्रेष्ठले २०६९ असोज २६ गते सूचना माग गर्नुभएको थियो । राष्ट्रिय सूचना आयोगलाई समेत बोधार्थ दिइएको उक्त निवेदनलाई सुरुको २२ दिनपछि अर्थात् २०६९ कार्तिक १९ सम्म विश्वविद्यालयले दर्ता नै गर्न मानेन । यसरी विश्वविद्यालयले दर्ता गर्न नमानेको विषयलाई लिएर २०६९ कार्तिक २० गते 'अन्नपूर्ण पोष्ट' दैनिकमा 'सूचनाको हकविरुद्ध पूर्वाञ्चल विश्वविद्यालय, सूचनाको माग गरेको निवेदन दर्ता भएन' शीर्षकको समाचार प्रकाशन भयो । यही समाचारलाई आधार बनाई सूचनाको हकका वकालतकर्ता श्रेष्ठले नै राष्ट्रिय सूचना आयोगमा समेत पुनरावदेनको उजुरी दर्ता गर्नुभएको थियो ।

राष्ट्रिय सूचना आयोगको आदेश पछि सूचना मागकर्तालाई विराटनगर स्थित पूर्वाञ्चल विश्वविद्यालय सूचना दिन बाध्य भयो ।

❖❖

राजु श्रेष्ठ

राष्ट्रिय सूचना आयोगले यसभन्दा अगाडि गरेको निर्देशन र सर्वोच्च अदालतको फैसलाको स्मरण गराउँदै तत्काल निवेदन दर्ता गरी सूचना उपलब्ध गराउनू भन्ने आदेशसहितको पत्राचार २०६९ मंसिर १८ मा गऱ्यो। आयोगको आदेशपश्चात पूर्वाञ्चल विश्वविद्यालयले सूचना मागकर्ता श्रेष्ठलाई र आयोगलाई पत्र लेखी २०६९ साउन १४ गते पूर्वाञ्चल विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयको प्रमाणित प्रति उपलब्ध गराएको थियो। मागिएको सूचना प्राप्त भएपछि २०६९ मंसिर २१ को 'अन्नपूर्ण पोष्ट' दैनिकमा 'अन्ततः पूर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने भए' शीर्षकको समाचार प्रकाशन नै भएको थियो।

त्यसअघि राष्ट्रिय सूचना आयोगले नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्थाअनुसार विद्यार्थीले परीक्षा दिएको विषयमा प्राप्त अंक चित्त नबुझे उत्तरपुस्तिका हेर्न पाउनुपर्ने जिकिर गर्दै सर्वोच्च अदालतमा त्रिभुवन विश्वविद्यालय सम्वन्धी रिटमा आफ्नो अभिमत व्यक्त गरिएको थियो। उक्त रिट निवेदनको फैसलामा सर्वोच्च अदालतले २०६८ जेठ ४ मा नै उत्तरपुस्तिका हेर्न पाउने विषयलाई सूचनाको हकभित्र समाहित रहेको भनी व्याख्यासहितको परमादेश जारी गरेको थियो। उक्त परमादेशमा 'विश्वविद्यालयका परीक्षार्थीलाई उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू' भनिएको थियो। उक्त परमादेश त्रिभुवन विश्वविद्यालयमा मात्र होइन, अन्य विश्वविद्यालयलाई पनि मान्य हुने भनी उल्लेख गरेको थियो। त्यसभन्दा पहिला नै राष्ट्रिय सूचना आयोगले २०६८ बैशाख १९ गते नै पूर्वाञ्चल विश्वविद्यालयलगायतका विश्वविद्यालयहरूलाई सूचनाको हकसम्बन्धी नियम बनाई कार्यान्वयन गर्न आदेश दिइसकेको थियो।

सर्वोच्च अदालतको परमादेश र राष्ट्रिय सूचना आयोगको आदेशबमोजिम पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारिणी परिषदले २०६९ साउन १४ गते नै निर्णण नम्बर २१३३ मा विभिन्न सातवटा शर्तसहित परीक्षार्थीले निवेदन दिएको खण्डमा उत्तरपुस्तिका प्रतिलिपि परीक्षा व्यवस्थापन कार्यालयले उपलब्ध गराउन सक्ने भनी नीतिगत निर्णय गरिसकेको थियो। उक्त निर्णयलाई भने विश्वविद्यालयले लुकाएर राखेको थाहा भएपछि सूचनाको हक वकालतकर्ता श्रेष्ठले सूचना माग गर्दा विश्वविद्यालयले अनाकानी गरी निवेदन नै दर्ता गरेको थिएन।

उक्त निर्णयमा राखिएका शर्तहरूमा स्वयं विद्यार्थीले आवेदन दिनुपर्ने, प्रवेशपत्रको आधारमा सम्बन्धित परीक्षार्थीलाई मात्र उत्तरपुस्तिका उपलब्ध गराउने, अंक जोड्नेभन्दा अन्य कुनै निकायबाट उत्तरपुस्तिका परीक्षण हुन नसक्ने, उत्तरपुस्तिका परीक्षक अर्थात् जाँच गर्ने व्यक्तिको पहिचान गोप्य राख्ने र दिएको अंक गोप्य राखिने, नतिजा प्रकाशन भएको ३५ दिनभित्र आवेदन दिनुपर्ने र प्रति विषय पाँच हजार रुपैयाँ शुल्क बुझाउनुपर्नेलगायतका शर्तहरू रहेका थिए । यी शर्त पूरा गरेका विद्यार्थीका लागि उत्तरपुस्तिका हेर्न दिन सकिने निर्णय गरेको थियो ।

उत्तरपुस्तिका हेर्नका लागि विश्वविद्यालयले तय गरेका शर्तहरू सार्वजनिक भएपछि भने चर्को शुल्क असुल उपर विश्वविद्यालयले गरेको, उत्तरपुस्तिका हेरे पनि नम्बर जोड्न पाउने मात्र व्यवस्था गरेको विषयमा ठूलै बहस भयो । निकै ठूलो गुनासो विद्यार्थी र अभिभावकबाट आएपछि भने पुनः सूचनाको हकको वकालतकर्ता राजु श्रेष्ठ र दीपक खनालले नै २०७३ पुस २६ गते पूर्वाञ्चल विश्वविद्यालय विराटनगरमा सूचना माग गर्दै निवेदन दिनुभएको थियो । निवेदकद्वयको निवेदनमा राष्ट्रिय सूचना आयोगले २०७० जेठ २२ गते नै शुल्क अत्यधिक भएकाले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्थाअनुसार नागरिकको सूचनाको हक कुण्ठित नहुने गरी पुनः शुल्क निर्धारण गर्न र अंक गोप्य नराख्ने विषयमा पूर्वाञ्चल विश्वविद्यालयका नाममा आदेश जारी गरेकाले सो विषयमा के कति कार्यवाही अघि बढाइयो, सोको प्रतिलिपिको प्रमाणित प्रति मागिएको थियो । उक्त निवेदनको एक महिनासम्म पनि कुनै जवाफ निवेदकसमक्ष नआएपछि एक निवेदक राजु श्रेष्ठले २०७३ माघ २३ मा पूर्वाञ्चल विश्वविद्यालयका कार्यालय प्रमुख समक्ष पुनः उजुरी दिनुभएको थियो । उक्त उजुरीमा सूचना उपलब्ध गराउने वा नगराउनेबारे लिखित जवाफ माग गरिएको थियो ।

यसरी उजुर गरेपछि २०७३ फागुन १८ मा अर्थात् करिव एक महिनापछि पूर्वाञ्चल विश्वविद्यालयले उक्त निवेदन र उजुरी उपकुलपति समक्ष प्रेषित भएको र उजुरीसम्बन्धमा ध्यानाकृष्ट भएको लिखित जानकारी गराइएको थियो ।

यस्तो लिखित जानकारी दिएको करिव एक महिनापछि अर्थात् २०७३ चैत १३ गतेका दिन बसेको पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारिणी परिषद्को बैठकले राष्ट्रिय सूचना आयोगको २०७३ फागुन २६ गतेको आदेश कार्यान्वयनसम्बन्धी चलानी नम्बर १०८० पत्रको विषयमा बैठक बसी शुल्क निर्धारणलगायतका कार्यविधिको पुनरावलोकन गरी नीति बनाउन समिति गठन गर्ने निर्णय गरेको थियो । बैठकको निर्णयसहित त्यसको लिखित जानकारी राष्ट्रिय सूचना आयोग काठमाडौं र निवेदक श्रेष्ठलाई दिएको थियो । यसरी समिति बनाएको पनि करिव सात महिनासम्म उक्त कार्यविधि पुनरावलोकन भएको जानकारी विश्वविद्यालयले हालसम्म पनि सार्वजनिक गरिरहेको अवस्था भने छैन । सूचनाको हकको प्रयोगले पूर्वाञ्चल विश्वविद्यालयमा अध्ययनरत करिव साढे आठ हजार विद्यार्थीले आफूले प्राप्त गरेको प्राप्तांक चित्त नबुझे पुनरावलोकन गर्ने पूर्ववत् व्यवस्था परिवर्तन गर्न बाध्य भएको छ ।

यस विषयमा सूचना माग्नेदेखि राष्ट्रिय सूचना आयोगमा उजुरी गर्नेसम्मका सबै काम विराटनगरमा बसेर सूचनाको हक वकालतकर्ताका रूपमा कार्यरत राजु श्रेष्ठले गर्नुभएको थियो ।

❖ ❖

२

आयोगको आदेशपश्चात मात्र सूचना अधिकारीको सूचना

भ्रापा जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोकी सोको विवरण राष्ट्रिय सूचना आयोगलगायतका निकायलाई जानकारी गराउनू भनी आदेश गरिएको तर सुनुवाइ भइरहेको थिएन । उक्त आदेश कार्यान्वयको अवस्थाको जानकारी लिने उद्देश्यले सूचनाको हकको उपयोगले जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायहरूका सूचना अधिकारीहरूको नाम र सम्पर्क नम्बरसहितको विवरण प्राप्त हुँदा सूचना लिन सहज अनुभूत हुन थालेको छ भने सूचना अधिकारीहरू पनि सूचना दिने विषयमा गम्भीर हुन थालेका पाइएको छ ।

जिल्ला प्रशासन कार्यालय झापामा सूचनाको हकको वकालतकर्ता केदारप्रसाद खतिवडाले २०७३ पुस ४ मा सूचना माग गर्नुभएको थियो । कार्यालयमा ३६६ नम्बरमा दर्ता गरिएको 'सूचना तथा जानकारी पाऊँ' विषय उल्लेख गरिएको निवेदनमा 'यस कार्यालयमा रहेको सूचना तथा जानकारी आफ्नो अध्ययन तथा प्रयोजनका लागि आवश्यक भएको हुँदा ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार उपलब्ध गराइपाऊँ' भनी उल्लेख गरिएको छ । सूचना मागको विवरणमा झापा जिल्लाभरका सबै सरकारी सार्वजनिक निकायका सूचना अधिकारीको नाम तथा फोनसहितको विवरण, यस कार्यालयबाट अनुगमन गर्दा ती सरकारी तथा सार्वजनिक निकायहरूमध्ये कुनकुन निकायहरूले फोटोसहितको सूचना अधिकारीको विवरणको बोर्डको व्यवस्था भएको पाइएको वा नपाइएको सोसम्बन्धी अनुगमन गरिएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि माग गरिएको थियो ।

सार्वजनिक निकायहरूका सूचना अधिकारीहरूको नाम र सम्पर्क नम्बरसहितको विवरण प्राप्त हुँदा सूचना लिन सहज अनुभूत हुन थालेको छ भने सूचना अधिकारीहरू पनि सूचना दिने विषयमा गम्भीर हुन थालेका पाइएको छ ।

❖❖

केदार खतिवडा

उक्त निवेदन दर्ता गर्दा नै यस्तो सूचना दिन मिल्ने हो कि होइन ? कार्यालय प्रमुखहरूको बैठकमा पेस गरेपछि मात्र भन्न सकिने मौखिक जवाफ दिइएको थियो। उक्त निवेदनमा कार्यालय प्रमुख अर्थात् प्रमुख जिल्ला अधिकारीले कार्यालय प्रमुखहरूको बैठकमा पेस गर्ने भन्ने तोक आदेशसमेत लगाउनुभएको थियो। सूचना माग गर्दै दिइएको उक्त निवेदनमा झापा जिल्लामा रहेका सबै सरकारी तथा सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोकिएको छ कि छैन ? कुन कार्यालयबाट सञ्चारकर्मी तथा नेपाली नागरिकलाई आवश्यक पर्ने सूचना कोसँग र कसरी लिने ? भन्ने लामो समय देखिको समस्या थियो। जिल्ला प्रशासन कार्यालयले माग गरिएको सूचना समयमा उपलब्ध नगराएपछि सूचना प्राप्त गर्न उजुरी गर्नुपरेको थियो ।

सूचनाको माग गरेको निवेदन उपर १५ दिनसम्म पनि कुनै कार्यवाही नभएपछि २०७३ पुस २१ मा निवेदक केदारप्रसाद खतिवडाले नै हुलाकमार्फत् कार्यालय प्रमुख समक्ष उजुरी दिनुभएको थियो। उक्त उजुरीमा मागिएको सूचना दिन मिल्ने हो वा होइन ? भनी लिखित रूपमा जवाफ माग गरिएको थियो। यसमा पनि कुनै सुनवाइ नभएपछि २०७३ पुस २८ गते राष्ट्रिय सूचना आयोग समक्ष सूचना मागकर्ता खतिवडाले पुनरावेदनसहितको उजुरी गर्नुभएको थियो। उक्त उजुरीमा 'सुरुमा जिल्ला प्रशासन कार्यालयमा दिइएको निवेदनको र कार्यालय प्रमुख समक्ष दिइएको उजुरीको छाया प्रति समावेश गरिएको छ' उल्लेख गरिएको थियो।

राष्ट्रिय सूचना आयोगको निर्देशनपश्चात् भने जिल्ला प्रशासन कार्यालय झापाले निवेदक केदारप्रसाद खतिवडालाई सम्बोधन नै गरी चलानी नम्बर ३७८६ नम्बरको २०७३ पुस २८ मा उपलब्ध गराइएको पत्रमा सूचना अधिकारीको नामावली र सम्पर्क नम्बर उपलब्ध गराइएको थियो। 'निवेदनमा माग गरिएको फोटोसहितको सूचना अधिकारी भए नभएको यस कार्यालयबाट अनुगमनको कार्य भइरहेको व्यहोरा अवगत गराइन्छ' भनी उल्लेख गरिएको छ। यसरी सूचना उपलब्ध गराइएको जानकारी राष्ट्रिय सूचना आयोगलाई पनि बोधार्थ उपलब्ध गराइएको थियो ।

यसरी उपलब्ध गराइएको सूचनाअनुसार ५० वटाभन्दा बढी झापा जिल्लामा सरकारी तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएको छ। उपल्बध गराइएको विवरणमा कार्यालयको नाम, सूचना अधिकारी र उनीहरूको सम्पर्क नम्बरसहित उपलब्ध गराइएको हुँदा सूचना लिन सजिलो हुने गरेको छ।

जिल्ला प्रशासन कार्यालय झापाले राष्ट्रिय सूचना आयोगलगायतका निकायबाट सबै कार्यालयमा अनुगमन गरिएको र ती कार्यालयहरूमा फोटोसहितको सूचना अधिकारी तोकिएको अनुगमनबाट खुल्न आएको भनी सम्बन्धित निकायमा लिखित जानकारी उपलब्ध गराएको भन्ने खुलेको हुँदा उक्त अनुगमन प्रतिवेदनको प्रमाणित प्रति र झापा जिल्लामा रहेका सबै सरकारी तथा सार्वजनिक निकायहरूमा सूचना अधिकारी, उनको नाम र सम्पर्क नम्बर उपलब्ध गराउन खतिवडाले निवेदनमा माग माग गर्नुभएको थियो।

जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको सूचनालाई सुरुमा स्थानीय पत्रपत्रिका र एफएम रेडियोहरूमा ५० वटा कार्यालयमा सूचना अधिकारी तोकिएको भन्ने विवरणसहित समाचार प्रकाशन गरिएको थियो। यसरी सूचनाको हकसहितको विवरण प्राप्त हुँदा सर्वसाधारण तथा सञ्चारकर्मीलाई सूचना लिन सहज भएको निवेदक केदारप्रसाद खतिवडाले जानकारी दिनुभएको छ। समय समयमा यस्ता तोकिएका अधिकारीहरू सरुवा भई गए पनि कार्यालयले अर्को व्यक्तिलाई आयोगको आदेश अनुसार ७ दिन भित्र सूचना अधिकारी तोक्न बाध्य हुने गरेका छन् भने मागिएको सूचना दिने विषयमा पनि गम्भीर हुने गरेका छन्।

❖ ❖

३

औषधालय पूरा समय सञ्चालनमा आयो

सूचनाको हकको उपयोग गरी सूचनाको माग गरिएकाले समयमा औषाधालय सञ्चालन हुनथालेपछि समुदाय र सेवाग्राहीले ठूलै राहत महसुस गर्न थालेका छन् । सूचना मागको निवेदनले नै समयमा औषधालय सञ्चालन नगर्ने सञ्चालकलाई र समयमा सूचना उपलब्ध नगराउने सूचना अधिकारीलाई समेत कार्यवाही गरिसकिएको छ ।

लामो समयदेखि शनिअर्जुन नगरपालिकास्थित शनिश्चरे आयुर्वेद औषधालय समयमा सञ्चालन नहुने सेवाग्राहीको व्यापक गुनासो आउन थलेपछि सोही नगरपालिका वडा नं.- २ निवासी सूचनाको हक वकालतकर्ता केदारप्रसाद खतिवडाले २०७३ मंसिर १२ गते जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा समक्ष सूचना माग गरी निवेदन दर्ता गराउनुभएको थियो । 'सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि पाऊँ' भनी लेखिएको निवेदनमा 'आफ्नो अध्ययन प्रयोजनका लागि निम्न जानकारी र सूचनाहरू आवश्यक भएको हुँदा प्रमाणित प्रतिलिपि सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम उपलब्ध गराइपाऊँ' भनिएको छ ।

सूचना अधिकारीलाई सम्बोधन गरी राष्ट्रिय सूचना आयोगलाई बोधार्थ दिइएको सूचना मागको निवेदनमा 'झापा शनिअर्जुन नपा वडा नं.- २ मा रहेको शनिश्चरे आर्युवेद औषधालय के कति कारणले समयमा खुल्दैन ? किन समय अगावै २ नबज्दै औषधालय बन्द हुन्छ ? सो औषधालय के कसरी सञ्चालन हुँदै छ भनी यस कार्यालयबाट नियमित अनुगमान गरिएको छ कि छैन ? गरिएको भए गत

सूचनाको हकको उपयोग गरी सूचनाको माग गरिएकाले समयमा औषाधालय सञ्चालन हुनथालेपछि समुदाय र सेवाग्राहीले ठूलै राहत महसुस गर्न थालेका छन् ।

❖❖

केदार खतिवडा

आ.व. २०७२/७३ देखि अहिलेसम्मको अनुगमन निरीक्षणको प्रतिवेदनको प्रमाणित प्रतिलिपि र यसरी मनपरी ढंगले औषधालय सञ्चालन गर्ने कार्यालय र कार्यालय प्रमुखलाई के कस्ता कार्यवाही हुन्छन् ?' भनी सोको विवरणको प्रमाणित प्रतिलिपि माग गरिएको थियो ।

नियमानुसार समयमा सूचना प्राप्त नभएपछि २०७३ मंसिर २३ मा सूचना अधिकारीसँग के कति कारणले सूचना नदिएको भनी निवेदन दिँदा पनि सूचना अधिकारी मिथिलेश ठाकुरले सूचना उपलब्ध नगराएपछि मंसिर २३ गते कार्यालय प्रमुख समक्ष सूचना मागकर्ता खतिवडाले उजुरी गर्नुभयो । यति गर्दा पनि कुनै सूचना दिने काम भएन ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले दुई पटक निवेदन तथा उजुरी गर्दा पनि २०७३ पुस २७ सम्म अर्थात् करिव डेढ महिनासम्म पनि मागिएको सूचना दिन आनाकानी गरेपछि सूचना मागकर्ता खतिवडाले पुस २८ गते नै राष्ट्रिय सूचना आयोग काठमाडौँ समक्ष पुनरावेदन गर्नुभएको थियो । सो पुनरावेदनको आधारमा आयोगले २०७४ माघ १० मा चलानी नम्बर ८९० मार्फत् पत्राचार गरी पुनरावेदकलाई के कति कारणले मागबमोजिमको सूचना उपलब्ध नगराइएको हो ? भनी कारण पेस गर्न भनेपछि मात्र केन्द्रले सूचना उपलब्ध गराउन तयार भएको थियो ।

राष्ट्रिय सूचना आयोगको उक्त पत्रपश्चात् २०७३ माघ २३ मा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, आयुर्वेद विभाग जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भद्रपुर झापाले च. नं. ३६० को पत्र लेखी सूचनासमेत उपलब्ध गराएको थियो । उक्त सूचना सूचना अधिकारीले भन्दा पनि निमित्त कार्यालय प्रमुख सकदलेव चौधरीले हस्ताक्षर गरी उपलब्ध गराउनुभएको थियो । यसरी उपलब्ध गराएको सूचनामा 'यस कार्यालयले २०७३ मंसिर ८ र माघ ४ गते उक्त औषधालयहरूको अनुगमन निरीक्षणको क्रममा शनिश्चरे आयुर्वेद औषधालय समयमा नै खोली सञ्चालनमा रहेको पाइएको' उल्लेख गरिएको छ । साथै उक्त पत्रमा 'यदि नियमानुसर कार्यालय सञ्चालन नगरेको पाइएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ तथा प्रचलित ऐन नियम कानुनबमोजिम कसुरअनुसार कार्यवाही हुने' उल्लेख गरिएको छ ।

सोही पत्रमा समय सीमाभित्र सूचना उपलब्ध नगराउने सूचना अधिकारी मिथिलेश ठाकुरलाई सचेत गराइएको र शनिश्चरे आयुर्वेद औषधालयलाई पनि गुनासा तथा सूचनासम्बन्धी जानकारी गराई सचेत गराइसकिएको जानकारी लिखित रूपमा नै गराइएको छ। सोही मिति अर्थात् फागुन २३ मा शनिश्चरे आयुर्वेद औषधालयलाई च. नं. ३५९ द्वारा पत्राचार गरी 'औषधालय नियमानुसार सञ्चालन नभएको उल्लेख भई आएकोमा सोबारेमा ७ दिनभित्र यस कार्यालयमा जानकारी गराउनुका साथै प्रभावकारी ढंगले कार्यालय समय अवधिभर सेवाग्राहीलाई सेवा दिनका लागि सचेत गराइएको व्यहोरा अवगत गराइन्छ' भनिएको छ। साथै निवेदकको निवेदनहरूको प्रतिलिपि सोही पत्रसाथ संलग्न गरी पठाएको कुरा खुलाई पठाइएको व्यहोरा पनि पत्रमा उल्लेख गरिएको छ।

सोही दिन नै समयमा सूचना उपलब्ध नगराउने सूचना अधिकारी मिथिलेश ठाकुरलाई पनि च. नं. ३५८ को पत्राचार गरी 'अब उप्रान्त माग गरिएका सूचनाहरू समयभित्रै मागकर्तालाई उपलब्ध गराउनका लागि सचेत गराइएको व्यहोरा जानकारी गराइन्छ' भनी उल्लेख गरिएको छ ।

सेवाग्राहीको गुनासोलाई आधार बनाई सूचना माग गर्नाले सूचना अधिकारीलाई समयमा नै सूचना दिन बाध्यकारी हुने खालको परिपत्र गर्नेदेखि शनिश्चरे औषधालय पूरा कार्यालय समयमा सञ्चालन गर्न निर्देशन गरिएको छ। सूचना मागकर्ता खतिवडाका अनुसार उक्त निर्देशनपछि भने औषधालय पूरा कार्यालय समयमा खुल्ने गरेको छ, जसले गर्दा सेवाग्राहीलाई निकै फाइदा पुगेको छ।

❖ ❖

४ सूचनाले स्वयंसेवक परिवर्तन

जिल्लामा सञ्चालन हुने मददाता शिक्षा कार्यक्रमका लागि परिचालन गर्ने स्वयंसेवक नियुक्ति गर्दा अन्यत्र काम गर्ने दर्जनौं व्यक्तिहरूलाई उक्त कार्यमा खटाएको भनी निर्वाचन आयोग, जिल्ला कार्यालय, बाराले सूची तयार पारी आर्थिक अनियमितता गरेको गुनासो आउन थालेपछि वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गरिएपछि त्यस्तो अनियमितता गर्न लागेको तथ्य सार्वजनिक मात्र भएन, सूचना उपलब्ध गराउनुपूर्व आफन्तको नाम हटाइयो भने सूचना उपलब्ध गराएपछि पनि कही नामहरू परिवर्तन गर्न सहमत भएको थियो ।

निर्वाचन शिक्षा कार्यक्रममा आफन्तको सूची तयार पारी उनीहरूले पाउने सेवा सुविधा लिन लागेको बारेमा के भएको हो भनी जान्नका लागि भनी जिल्ला निर्वाचन कार्यालय कलैया बारा समक्ष कलैया- ११ निवासी सूचनाको हक वकालतकर्ता मुकेशकुमार कुशवाहले २०७४ बैशाख २४ मा सूचना उपलब्ध गराइपाऊँ भन्ने निवेदन दिनुभएको थियो । जिल्ला निर्वाचन कार्यलयको दर्ता नं. २३६ मा २०७४ बैशाख २९ मा कुशवाहले उक्त निवेदन दर्ता गराउनुभएको थियो । राष्ट्रिय सूचना आयोगलाई बोधार्थ दिइएको उक्त सूचना माग गरिएको मुकेश कुशवाहको निवेदनमा स्थानीय तह निर्वाचन २०७४ का लागि बारामा हालसम्म केके कार्यक्रमहरू सम्पन्न गरियो भनी माग गर्नुभएको थियो । निवेदनमा सरकार र निर्वाचन आयोगबाट यस जिल्लाका लागि स्वीकृत भई आएका कार्यक्रमहरू र उक्त कार्यक्रमका लागि स्वीकृत बजेटसहितको

जिल्लामा सञ्चालन हुने मददाता शिक्षा कार्यक्रमका लागि परिचालन गर्ने स्वयंसेवक नियुक्ति गर्दा अन्यत्र काम गर्ने दर्जनौं व्यक्तिहरूलाई उक्त कार्यमा खटाएको भनी निर्वाचन आयोग, जिल्ला कार्यालय, बाराले सूची तयार पारी आर्थिक अनियमितता गरेको गुनासो आउन थालेपछि वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गरिएपछि त्यस्तो अनियमितता गर्न लागेको तथ्य सार्वजनिक मात्र भएन, सूचना उपलब्ध गराउनुपूर्व आफन्तको नाम हटाइयो भने सूचना उपलब्ध गराएपछि पनि कही नामहरू परिवर्तन गर्न सहमत भएको थियो ।

❖❖

मुकेशकुमार कुशवाह

त्यसैगरी कुनकुन स्थानीय तहमा ककसलाई मतदाता शिक्षा कार्यक्रमका लागि परिचालन गरेको हो ? उनीहरूको नाम, ठेगाना र सम्पर्क नम्बरसहित विवरणको प्रमाणित प्रतिलिपि, कुनकुन ठाउँमा कुनकुन कार्यक्रम सम्पन्न भए सोको विवरण, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको नामावली र कार्यालयका कर्मचारीको विवरणसहित निवेदनमा माग गरिएको थियो ।

सूचना माग गरेको ४ दिनपछि निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यलय कलैया बाराले सूचना उपलब्ध गराएको थियो । 'सूचना मागकर्ता मुकेशकुमार कुशवाह कलैया-११ बारा' भनी सम्बोधन गरिएको पत्रमा '२०७४ बैशाख २४ को पत्रानुसार माग भई आएको विवरण तपसिलबमोजिम रहेको व्यहोरा जानकारी गराइन्छ' भन्ने उल्लेख गरिएको छ ।

यसरी जिल्ला निर्वाचन कार्यालयले उपलब्ध गराएको बजेटमा सबैभन्दा बढी मतदान/सहायक मतदान अधिकृतहरूको तालिम तथा मत गणनासम्बन्धी तालिममा करिव साढे ५१ लाख, जो खर्च गर्न बाँकी रहेको र खर्च हुने प्रक्रियामा रहेको भनी दोस्रो ठूलो बजेट मतदाता शिक्षा कार्यक्रम र तालिम शीर्षकमा करिव २४ लाख रहेको उल्लेख गरेको थियो । यसका लागि मतदाता शिक्षाका लागि भनी ४५१ जनालाई परिचालन गरिरहेको लिखित जानकारी जिल्ला निर्वाचन अधिकारी नरेशकुमार सराफले दिनुभएको थियो । यसरी लिखित सूचना दिँदा सुरुमा मतदाता शिक्षाका लागि खटाइको मतदान केन्द्रको क्षेत्र, खटाइएको व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्बरसमेत उल्लेख गरिएको छ । यसले गर्दा सम्बन्धित व्यक्तिको पहिचान गर्नसमेत सजिलो भएको थियो । यसरी खटाइएका स्वयंसेवक र स्वयंसेविका खटाइएको क्षेत्रमा नगएको गुनासो राजनीतिक दलहरूले पनि गर्न थालेपछि भने यो सूची सार्वजनिक गर्न जिल्ला निर्वाचन कार्यालय बाध्य भएको थियो ।

यसरी उपलब्ध गराएका मतदाता शिक्षा स्वयंसेवकहरूको सूचीमा उल्लेख गरिएका दर्जनौँ व्यक्ति आफन्तको नाम लेखी मतदाता शिक्षामा परिचालन नै नगरी रकम उपलब्ध गराउने तयारी गरेपछि यो सूचना मागले यस्तो कार्य रोक्न ठूलो योगदान पुऱ्याएको सूचना मागकर्ता मुकेशकुमार कुशवाहले दाबी गर्नुभएको छ । अन्यत्र काम गरेर मतदाता शिक्षाका लागि अलिकति पनि समय दिन नसक्ने बारागढी गाउँपालिकका

लागि भनी खटाएका भनिएका जयकिशोर सराफको बारेमा आफूले नै कुरा गर्दा उक्त व्यक्तिको ठाउँमा पछि सरिता प्रजापतिलाई विना तालिम उक्त क्षेत्रमा परिवर्तन गरेको अर्को क्षेत्रमा पुनितकुमारी चौधरीलाई पठाइएको भनी जानकारी दिइएको थियो ।

यसरी कुनै व्यक्तिका बारेमा कसैले सोधीखोजी गऱ्यो भने तत्काल नै त्यो ठाउँमा अर्को व्यक्तिलाई पठाउन जिल्ला निर्वाचन कार्यालय तयार हुनुले पनि आफन्त र आफू निकटकाको नाम राखी अयिमितता भएको पुष्टि भएको सूचना मागकर्ता कुशवाहले दाबी गर्नुभएको छ । आफूले ३ जनाको बारेमा अन्यत्रबाट जानकारी लिई ३ जना स्वंसेवकका बारेमा सोधीखोजी गर्दा तीनै जनाको ठाउँमा अर्को स्वयंसवेक र स्वयंसेविका परिवर्तन गरेकाले उपलब्ध गराइएको ४५१ जनामा ठूलो संख्या भएको पुष्टि भएको कुशवाहले बताउनुभएको छ । तर समय अभावले प्रतिनिधि पात्रका रूपमा ३ जना परिवर्तन गर्न सफल भएको थियो ।

यसरी परिवर्तन गर्दा विगतमा स्वंयसेवक सूचीमा उल्लेखित व्यक्तिले मतदाता शिक्षा दिने कार्यमा समय दिन नसकेको भन्दै अर्कोलाई सम्झौता गरी पठाइएको थियो ।

साथै, उपलब्ध गराइएको अर्को सूचना थियो, बारा जिल्लाका १५ वटै स्थानीय निकायका लागि खटाइएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको नामावली र सम्पर्क नम्बर । यसले स्थानीय चुनावका लागि स्थानीयवासी, राजनीतिक दलका लागि सूचना लिन र दिनका लागि प्रभावकारी काम भएको मागकर्ता कुशवाहले जानकारी दिनुभएको छ ।

❖ ❖

५

मनोमानी ढंगले बत्तीसवटा आयोजना वितरण गरिएको खुलासा

चितवन जिल्लास्थित खैरहनी नगरपालिका र त्यसका कार्यकारी अधिकृतले मनोमानी ढंगले आयोजनाहरू वितरण गरिरहेको नगरवासीले गुनासो गर्न थालेपछि त्यसको वास्तविकता पत्ता लगाउने उद्देश्ययले सूचना माग गर्दा आ.व. २०७३/७४ को नीति, योजना तथा कार्यक्रमको प्रमाणित प्रतिलिपि माग गर्दा चितवनस्थित खैरहनी नगरपालिकाले दिन मानेन ।

राष्ट्रिय सूचना आयोगमा पुरावेदन र त्यसका दुईवटा आदेशपछि सूचना दिन नगरपालिका बाध्य भएको थियो । प्राप्त सूचना अध्ययन गर्दा ३२ वटाभन्दा बढी आयोजना कार्यकारी अधिकृतले मानोमानी ढंगले वितरण गरेको पाइएको दावी सूचना मागकर्ताको छ ।

खैरहनी नगरपालिका कार्यालय र तत्कालीन कार्यकारी अधिकृत अमरनाथ ढकालले मनोमानी र व्यक्तिगत पहुँचका आधारमा आयोजनाहरू वितरण गरिरहेको गुनासोले व्यापकता पाउन थालेपछि एवीसी टेलिभिजनका चितवन जिल्ला सम्वाददाता खैरहनी नगरपालिका- २ निवासी विकास पौडेलले २०७३ जेठ ३ गते आवश्यक सूचना पाऊँ भनी एक निवेदन दिनुभएको थियो । निवेदनमा 'नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार समाचार लेख्ने उद्देश्यले यस कार्यालयबाट निम्नअनुसारको सूचना आवश्यक रहेकाले उपलब्ध गराइदिनु हुन अनुरोध गर्छु' भनिएको छ । सोही दिन कार्यकारी अधिकृत अमारनाथ ढकालले 'सुदीप जी, योजना तथा प्रशासन शाखा, आवश्यक सूचना उपलब्ध गराउने' भन्ने तोक आदेशसमेत दिनुभएको थियो । तर सूचना उपलब्ध गराउने विषय खैरहनी नगरपालिका कार्यालयको प्रथामिकताको विषय बनेन, तोक आदेशमा सीमित रहन पुग्यो ।

चितवन जिल्लास्थित खैरहनी नगरपालिका र त्यसका कार्यकारी अधिकृतले मनोमानी ढंगले आयोजनाहरू वितरण गरिरहेको नगरवासीले गुनासो गर्न थालेपछि त्यसको वास्तविकता पत्ता लगाउने उद्देश्ययले सूचना माग गर्दा आ.व. २०७३/७४ को नीति, योजना तथा कार्यक्रमको प्रमाणित प्रतिलिपि माग गर्दा चितवनस्थित खैरहनी नगरपालिकाले दिन मानेन ।

❖❖



विकास पौडेल

सूचना मागकर्ता पौडेलले निवेदनमा खैरहनी नगरपालिका कार्यालयले पास गरेका अगामी वर्ष २०७३/७४ को नीति, योजना तथा कार्यक्रमहरू, आर्थिक वर्ष २०७२/७३ अन्तर्गतका हालसम्म सम्पन्न भएका योजनाहरूको बारेमा र खैरहनी नगरपालिका वडा नं.-२ को वडा नागरिक मञ्च गठनको माइन्युटको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिन माग गर्नुभएको थियो ।

नियमानुसार सूचना माग गरिएको १५ दिनमा सूचना उपलब्ध गराउनुपर्नेमा एक महिनासम्म ताकेता गर्दा पनि खैरहनी नगरपालिका कार्यालय सूचना दिन तयार नभएपछि २०७३ असार ५ गते राष्ट्रिय सूचना आयोग समक्ष 'माग गरेको सूचना उपलब्ध गराइपाऊँ' भनी पुरावेदन सूचना मागकर्ता विकास पौडेलले गर्नुभएको थियो । उक्त पुनरावेदन उपर २०७३ असार १२ गते नै राष्ट्रिय सूचना आयोगले 'मागबमोजिमको सूचना उपलब्ध गराउनू' भनी खैरहनी नगरपालिका कार्यालय चितवनको नाममा आदेश जारी गरी च. नं. १५६८ पत्राचार असार १९ मा गरेको थियो ।

राष्ट्रिय सूचना आयोगको आदेशलाई पनि खैरहनी नगरपालिका कार्यालयले पूर्णतया बेवास्ता गरी झण्डै पाँच महिनासम्म पनि सूचना उपलब्ध गराएन । मागबमेजिमको सूचना उपलब्ध नगराएको भनी पुनरावेदक विकास पौडेलले २०७३ मंसिर १३ मा पुनः राष्ट्रिय सूचना आयोगमा उजुरी गर्नुभएको थियो ।

सो उजुरी सन्दर्भमा २०७३ पुस १९ गते वस्तुस्थितिको विश्लेषण गर्दा खैरहनी नगरपालिका कार्यालयले पुनरावेदक पौडेलले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क नदेखिएको निष्कर्ष निकालेको थियो । सोही दिन आयोगको आदेश जारी भएको लामो समयसम्म पनि पुरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएको, के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजायतर्फ आयोगले प्रक्रिया किन अघि नबढाउने ? यसरी यति लामो समयसम्म सूचना उपलब्ध नगराउनुको कारण ३ दिनभित्र सूचना उपलब्ध गराउन खैरहनी नगरपालिका कार्यालय, चितवनका कार्यालय प्रमुख र सूचना अधिकारीका नाममा आदेश जारी गरेको थियो । यो आदेशलाई राष्ट्रिय सूचना आयोगले खैरहनी नगरपालिकालाई च. नं. ८०४ पत्रमार्फत जानकारीसमेत गराएको थियो ।

आयोगको ३ दिनभित्र सूचना उपलब्ध गराउन र नगराए आयोगले कार्यवाही गर्ने जनाउ दिएपछि २०७३ पुस २२ मा सूचना मागकर्ता विकास पौडेललाई सूचना उपलब्ध गराइएको थियो । यसको लिखित जानकारी राष्ट्रिय सूचना आयोगलाई गराइएको थियो ।

सूचना माग गर्दा खैरहनी नगरपालिकाका कार्यकारी अधिकृतमा अमरनाथ ढकाल थिए भने सूचना उपलब्ध गराउन्जेलमा उनको अन्यत्र सरुवा भई नयाँ कार्यकारी अधिकृतका रूपमा गंगाबहादुर भुजेल आइसकेका थिए । खैरहनी नगरपालिकाले उपलब्ध गराएको सूचनालाई अध्ययन गर्दा कार्यकारी अधिकृत अमरनाथ ढकालले आफ्नो तजविजमा ३२ वटा आयोजना नगरपरिषदको निर्णयभन्दा बाहिर गएर वितरण गरेको पाइएको कुरा सूचना मागकर्ताले बताउनु भएको छ । यसरी प्राप्त भएको सूचनालाई सूचना मागकर्ता विकास पौडेलले तत्कालै नारायणी अनलाइन र एवीसी टेलिभिजनलगायतका सञ्चारमाध्यममा समाचार प्रकाशनको विषयवस्तु समेत बनाएका थिए ।

खैरहनी नगरपालिका कार्यालयले २०७३ पुस २२ मा नै राष्ट्रिय सूचना आयोगले च. नं. ८०४ मिति २०७३ पुस २२ गते प्राप्त भई अवगत भएको उल्लेख गर्दै २०७२ पुस २९ गते माननीय सभासद् शेषनाथ अधिकारीको प्रमुख आतिथ्य र तत्कालीन प्रमुख जिल्ला अधिकारी विनोदप्रकाश सिंहको विशेष आतिथ्यमा सम्पन्न तेस्रो नगर परिषदमा सोसम्बन्धमा सार्वजनिक भएको र उक्त नीति तथा कार्यक्रमसमेतको परिषदको निर्णय सोही मितिमा विकास पौडेललाई बुझाइसकिएको जानकारीका गराइएको नयाँ कार्यकारी अधिकृत गंगाबहादुर भुजेलले हस्ताक्षर गरी लिखित जानकारीदिनुभएको थियो ।

सूचना मागकर्ता विकास पौडेलका अनुसार आफूले परिषदको निर्णयबेगर वितरण गरेको आयोजना सार्वजनिक हुने डरले पूर्व कार्यकारी अधिकृत अमरनाथ ढकालले आयोगको आदेशलाई बेवास्ता गरी सूचना नदिएको तर तीन दिने आदेश र नयाँ कार्यकारी अधिकृत भएको हुँदा सूचना प्राप्त भएको थियो । नयाँ कार्यकारी अधिकृत आएपछि भएको अर्को नगरपरिषदमा यो ठूलो छलफलको विषय मात्र बनेन, त्यस्तो नगर्न सचेत गराउँदै रोक लगाउने निर्णय नै गरेको थियो ।

नगरपालिकाभित्रै आयोजना वितरण भई खर्च भइसकेको विषयमा थप कार्यवाही नगर्ने निर्णय पनि नगरपरिषदले गरेका थियो ।

❖ ❖

६ सूचना नदिई शुल्क लिने निर्णय फिर्ता

लामो समयदेखि बारा जिल्लाका विभिन्न विद्यालयहरूले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदान रकमबाट विद्यालय सञ्चालन गर्न कठिनाइ भएको भन्दै विभिन्न शीर्षकमा विद्यार्थीसँग शुल्क लिने गरेको गुनासो आउने गरेको थियो। यस्तो गुनासोको वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा हाल शुल्क नै लिन छोडिएको छ। शुल्क लिन छोडिए पनि सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोगले आदेश गर्दासमेत सूचना भने उपलब्ध गराइएको छैन । यस्तो सूचना निवेदनकर्ता वा राष्ट्रिय सूचना आयोग दुवैलाई विद्यालयले उपलब्ध गराएको भने छैन ।

कलैया नगरपालिका- २० निवासी सूचनाको हक वकालतकर्ता सर्फुल्लाह अन्सारीले बारा जिल्ला दोहोरीस्थित अमर उच्चमाविका सूचना अधिकारी समक्ष २०७३ असोज ४ मा हुलाकमार्फत (हुलाक द. नं. २१६३७४४) सूचना उपलब्ध गराइपाऊँ भनी एक निवेदन दिनुभएको थियो। सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार १५ दिनभित्र सूचना माग गर्दै उक्त निवेदनमा मागिएका विषयहरूमा आ.व. २०७१/७२ देखि २०७२/७३ सम्म जिल्ला शिक्षा कार्यालयबाट यस विद्यालयका लागि कति रकम निकासा गरिएको थियो ? सो रकम कुनकुन शीर्षकमा के कति छुट्याइएको थियो ? उक्त रकम के, कहाँ र कुन शीर्षकमा भएको हो ? सो खर्च भएको रकम वितरणसहितको प्रमाणित प्रतिलिपि, विद्यालयमा हाल कति जना कार्यरत स्थायी, अस्थायी शिक्षक र कर्मचारी छन्, उनीहरूको नाम, ठेगाना, शैक्षिक योग्यता, तलब र सम्पर्क नम्बरसहितको विवरणको प्रमाणित प्रतिलिपि र सूचना अधिकारीको

लामो समयदेखि बारा जिल्लाका विभिन्न विद्यालयहरूले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदान रकमबाट विद्यालय सञ्चालन गर्न कठिनाइ भएको भन्दै विभिन्न शीर्षकमा विद्यार्थीसँग शुल्क लिने गरेको गुनासो आउने गरेको थियो । यस्तो गुनासोको वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा हाल शुल्क नै लिन छोडिएको छ ।

❖❖

सर्फुल्लाह अन्सारी

नाम, ठेगाना र सम्पर्क नम्बरसहितको विवरणको प्रमाणित प्रतिलिपि रहेका थिए ।

पन्ध्र दिनमा उपलब्ध गराउनुपर्ने सूचना करिव एक महिनामा पनि प्राप्त नभएपछि सूचना मागकर्ता अंसारीले नियमानुसार उक्त विद्यालयका कार्यालय प्रमुख समक्ष २०७३ कात्तिक १ गते सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर कारवाही गरी माग गरेको सूचना उपलब्ध गराउने विषयमा उजुरी गर्नुभएको थियो । त्यसको पनि कुनै सुनवाइ नभएपछि त्यसको करिव डेढ महिनापछि २०७३ मंसिर १३ गते राष्ट्रिय सूचना आयोग समक्ष उजुर दर्ता गराउनुभएको थियो । आयोगको १४१५ दर्ता नम्बर भएको उक्त उजुरीपश्चात आयोगको २०७३ मंसिर २० को च. नं. ७०१ को अमर उमाविको नाममा पत्र लेखी खुलाई पठाइदिन भनेको थियो । आयोगको उक्त पत्रमा 'तहाँ कार्यालयमा कुनकुन मितिमा सूचना माग गरको हो ? पुनरावेदकले माग गरेको सूचना हालसम्म पनि पुनरावेदकलाई के कति कारणले उपलब्ध गराइएन तथा सोको पुनरावेदनसम्बन्धमा के भइरहेको छ ? सोबारे ७ (सात) दिनभित्र अनिवार्य रूपमा सूचना मागकर्ता र यस आयोगलाई जानकारी गराउनुहुन अनुरोध गरिन्छ' भनेर लेखी पठाएको थियो । आयोगले यसरी लेखी पठाउँदा पनि विद्यालयले कुनै जवाफ नदिएपछि सूचना मागकर्ता अन्सारीले एक महिनापछि अर्थात २०७३ पुस १९ गते सूचना उपलब्ध नगराउने उपर कार्यवाही गरी पाउन भनी निवेदन दर्ता नम्बर १६६३ मा दर्ता गराउनुभएको थियो ।

राष्ट्रिय सूचना आयोगमा सूचना मागकर्ताको तर्फबाट पुनः कार्यवाही गरी पाऊँ भनेर २०७३ माघ ७ गते दर्ता नम्बर १८२४ मा निवेदन दर्ता गराउनुभएको थियो । सोही कार्यावाहीको निवेदन दर्तापछि राष्ट्रिय सूचना आयोगले २०७३ माघ २३ अमर उमाविका कार्यालय प्रमुख र सूचना अधिकारीलाई पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई ७ (सात) दिनभित्र उपलब्ध गराउनू भन्ने आदेश जारी गरेको थियो । यो सात दिने आदेशको पनि बारास्थित अमर उमाविले कुनै सुनवाइ नगरेपछि सूचना मागकर्ता अन्सारीले सूचना आयोगको आदेशको सुनवाइ नभएको भनी हदैसम्मको कार्यवाही गरी पाऊँ भन्दै २०७३ फागुन १२ मा दर्ता नम्बर २३३९ को निवेदन दर्ता गराउनुभएको थियो ।

यसरी पटक पटक आयोगको आदेशलाई विद्यालयले लत्याउँदा पनि पुनः २०७३ साल २४ गते राष्ट्रिय सूचना आयोगले च. नं. ९५१ को एक पत्र लेखी आदेश कार्यान्वयन गर्नका लागि भनेको छ। यो पत्रमा पुनरावेदक अंसारीको सम्बन्धमा यस आयोगबाट २०७३ माघ १३ मा भएको आदेश कार्यान्वयनको लागि निर्देशानुसार अनुरोध गर्दछु। यस आयोगबाट भएको आदेश र पुनरावेदकको पुनरावेदनको छायाप्रति यसै पत्रसाथ संलग्न छ भनी उल्लेख गरिएको छ।

यसरी पठाइएका सबै पत्राचार र आदेश गरिएकाको बोधार्थ सूचना मागकर्ता सर्फुल्लाह अन्सारीलाई बोधार्थ जानकारी दिइए पनि पहिलो राष्ट्रिय सूचना आयोगको पत्र पाउनासाथ विद्यालयले लिने गरेको शुल्क असुल उपर गर्ने कार्य भने तत्कालै रोकिएको छ।

सूचना मागकर्ता सर्फुल्लाह अन्सारीका अनुसार यसरी सूचना मागपछि शुल्क विद्यालयले नलिने कार्यलाई आफ्नो ठूलो सफललता भएको ठानेको तर विद्यालयले आफूलाई भन्दा पनि राष्ट्रिय सूचना आयोगका आदेशलाई पनि लत्याएकामा भने दुःख लागेको बताउँदै आदेश कार्यान्वयनका लागि विद्यालय जिम्मेवार हुनुपर्ने कुरा बताउनुहुन्छ। यसका लागि आफू लागिरहेको पनि उहाँले जानकारी दिनुभयो। यससम्बन्धमा पटक पटक विभिन्न छापा माध्यममा समाचारसमेत प्रकाशन भइसकेका छन्। र, पनि विद्यालय सूचना उपलब्ध गराउन भने तयार भइरहेको छैन।

❖ ❖

७

निःशुल्क औषधिको सूची प्राप्त भयो

स्थानीय स्वास्थ्य चौकीहरूमा नेपाल सरकारले उपलब्ध गराएका निःशुल्क औषधिहरू नपाइने गरेको र सर्वसाधारण बिरामी भएर जाँदा सामान्य औषधि पनि सेवाग्राहीले नपाउने गरेको गनासो आउने गरेको छ। यस्तो औषधि पाइहाले पनि म्याद गुज्रेको मात्र र सरकारले उपलब्ध गराएका औषधिहरू स्थानीय मेडिकल हलहरूमा बिक्री वितरणका लागि राखिएको भन्ने वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा र समयमा नै सूचना प्राप्त हुँदा समुदायलाई ठूलो फाइदा मात्र पुगेको मात्र छैन, थप सूचना माग्ने अवस्थासमेत सृजना भएको छ।

झापा जिल्लास्ति अर्जुनधारा नगरपालिका वडा नं.- ७ निवासी विकास भट्टराईले २०७४ असोज २ मा स्वास्थ्य चौकी अर्जुनधारा समक्ष सूचना पाऊँ भनी निवेदन दिनुभएको थियो। निवेदनमा आफ्नो अध्ययन प्रयोजनका लागि निम्न लिखित जानकारी तथा सूचनाहरू आवश्यक भएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम यो निवेदन गरेको छु भनिएको छ। उक्त निवेदनमा यस स्वास्थ्य चौकीमा कति प्रकारका औषधिहरू आउँछन् ? तिनको विवरण, ती औषधिमध्ये हाल यस स्वास्थ्य चौकीमा के कति कुन कुन औषधिहरू उपलब्ध छन् ? तिनको विवरण, ती औषधिहरूको म्याद गुज्रिएपछि ती औषधिलाई के गर्ने गरिएको छ ? सोको विवरण र ती औषधि नष्ट गरिन्छ भने के कति प्रक्रिया पुऱ्याएर गरिन्छ, सोको विवरण तथा त्यसरी औषधि नष्ट गर्नुभन्दा अघि गरिएको मुचुल्काको प्रमाणित प्रतिलिपि माग गरिएको छ।

औषधिहरू स्थानीय मेडिकल हलहरूमा बिक्री वितरणका लागि राखिएको भन्ने वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा र समयमा नै सूचना प्राप्त हुँदा समुदायलाई ठूलो फाइदा मात्र पुगेको मात्र छैन, थप सूचना माग्ने अवस्थासमेत सृजना भएको छ ।

❖❖



विकास भट्टराई

यसरी सूचना मागकर्ताले सूचना मागको निवेदन दिएका दिन नै कार्यालय प्रमुखले निजको मागबमोजिमको सूचना उपलब्ध गराइदिनू भनी प्रशासन र स्टोरलाई तोक आदेशसमेत दिनुभएको थियो । यसरी निवेदन दिएको ६ दिनपश्चात २०७४ असोज ८ गते नै उक्त स्वास्थ्य चौकीले सूचना उपलब्ध गराएको छ । सूचना मागकर्ता विकास भट्टराईलाई सम्बोधन गरी पठाइएको उक्त सूचनामा नेपाल सरकारले नीति निर्णयअनुसार से स्थानमा ३५ प्रकारका औषधि रहेको उल्लेख गरिएको छ । सोही विवरणमा औषधिको सूची संलग्न गरिएको जानकारी दिँदै कुनैकुनै औषधिका प्रकार १, संख्या ३ हुने गरेको समेत खुलाइएको छ । सिनियर अहेव दुर्गाप्रसाद भट्टराईले उपलब्ध गराएको सूचनामा प्राप्त औषधिको नाम र प्राप्त परिणामसमेत उल्लेख गरिएको छ ।

सूचना उपलब्ध गराइएको अर्को बुँदामा 'प्राप्त औषधिमध्ये स्वास्थ्य चौकी अर्जुनधारामा जिन्सी रजिष्टरमा बचेको औषधि र सोको परिणाम यसैसाथ नत्थी गरिएको छ' भनिएको छ । त्यसैगरी उपलब्ध गराइएको सूचनाको अन्तिममा यस संस्थामा प्रायः औषधिका म्याद नगुज्रने हुँदा नष्ट गर्नु प्रायः पर्दैन भनी उल्लेख गरिएको छ ।

सूचना मागकर्ता विकास भट्टराई भने आफूले स्वास्थ्य चौकी अर्जुनधारा समक्ष सूचना माग गरेको र समयमा नै उपलब्ध गराएकोमा खुसी व्यक्त गर्नुभयो । आफूले प्राप्त सूचनाअनुसारको औषधि निःशुल्क पाउने गरेको सेवाग्राहीलाई जानकारी गराउने गरेको बताउनुभयो । चाँडै नै गाउँमा एउटा सूचनापाटी राखी यस्ता सूचना राख्ने सोचमा रहेको बताउनुभयो । साथै स्वास्थ्य चौकी अर्जुनधाराको सूचनामा आफ्नो चित्त नबुझेको र थप सूचनाका लागि लाग्ने जानकारी दिनुभयो । भट्टराईका अनुसार स्वास्थ्य चौकी अर्जुनधाराको लागि नेपाल सरकारले निःशुल्क रूपमा उपलब्ध गराउने भनिएको औषधिको कति अवश्यकता छ र कति प्राप्त भएको छ ? उपलब्ध औषधिले माग पूरा गरेको छ कि छैन ? हरेक आर्थिक वर्षमा कति औषधि थपिन्छ । स्वास्थ्य चौकी अर्जुनधारालगायतमा औषधि प्राप्त हुने आधारका बारेमा र बाँकी रहेको औषधिको म्याद नगुज्रने भन्ने कारणको बारेमा जानकारी पनि आफूलाई चित्त नबुझेको विषय रहेको छ ।

सूचना मागकर्ता भट्टराई तत्काल स्थानीय मेडिकल हलहरूमा पाइने गरेको निःशुल्क भनिएका औषधि पनि बिक्री वितरण भइरहेको सन्दर्भलाई लिएर वास्तविकता पत्ता लगाउने आफ्नो अभियानलाई निरन्तरता दिइरहेको र फेरि स्वास्थ्य चौकी अर्जुनधारामा मात्र होइन, जिल्ला जनस्वास्थ्यलगायतका निकायमा गएर थप सूचना माग गरी सत्यतथ्य जनस्तरमा ल्याई छाड्ने प्रतिवद्धता जाहेर गर्नु भएको छ ।

❖ ❖

८

विना मापदण्ड तजविजमा बजेट खर्च गरेको खुलासा

हरेक आर्थिक वर्षमा जिल्लास्थित कार्यालयमा स्थानीय वा राष्ट्रियस्तरका सञ्चारमाध्यमसँग सहकार्यमा ग्राहक, सूचना, जानकारी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न भनी बजेट उपलब्ध गराउने गरिएको छ । यसरी उपलब्ध गराइएको बजेट कार्यालय प्रमुखको निगाह अर्थात भनसुनका आधारमा यस्ता कार्यक्रम सञ्चालन हुने गरेको गुनासो आउने गरेका छन् । यस्तो कार्यक्रम कसरी सञ्चालन भइरहेको छ त भनी जान्ने उद्देश्यले सूचना माग गरि यस्तो रकम विना मापदण्ड कार्यालय प्रमुखको तजविजमा खर्च हुने गरेको पाइएको छ । यस्तै कार्यहरू जिल्ला कृषि विकास कार्यालयहरूमा पनि हुने गरेको पाइएको भन्दै अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका- १ निवासी शिव वेलबासेले जिल्ला कृषि विकास कार्यालय सन्धिखर्क समक्ष सूचना उपलब्ध गराई पाऊँ भनी २०७४ साउन ३२ गते निवदेन दिनुभएको थियो । दर्ता नम्बर ८७ मा दर्ता भएको उक्त निवेदनमा 'प्रस्तुत विषयमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसार आफ्नो अध्ययन प्रयोजनलगायतका लागि निम्नअनुसारको सूचना उपलब्ध गराइदिनुहुन यो निवेदन गर्दछु' भनिएको छ । राष्ट्रिय सूचना आयोग काठमाडौंलाई बोधार्थ दिइएको सूचना मागको निवेदनमा आ.व. २०७३/७४ मा यस कार्यालयमा कुनकुन पत्रिकाको ग्राहकवापत के कति रकम भुक्तानी गरियो ? सोको जानकारी, आ.व. २०७३/७४ मा यस कार्यालयबाट शुभकामना, विज्ञापन, सूचना, जानकारी, समवेदना, डकुमेण्ट्री,

हरेक आर्थिक वर्षमा जिल्लास्थित कार्यालयमा स्थानीय वा राष्ट्रियस्तरका सञ्चारमाध्यमसँग सहकार्यमा ग्राहक, सूचना, जानकारी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न भनी बजेट उपलब्ध गराउने गरिएको छ ।

❖❖

शिव वेलबासे

नाटक, भिडियो आदिमा के कति रकम रकम खर्च भएको थियो ? उक्त रकम कुनकुन रेडियो, टेलिभिजन, पत्रपत्रिका, बुलेटिन, विज्ञापन एजेन्सी, संघसंस्थालाई भुक्तानी गरिएको थियो ? सोको स्पष्ट खुल्ने गरी जानकारी मागिएको थियो ।

सूचना अधिकारीलाई सम्बोधन गरी दिइएको निवेदनमा सोही दिन लेखा शाखालाई नियमानुसार माग गरेका सूचनाहरू उपलब्ध गराउनुहुन भनी तोक आदेशसमेत भएको थियो । जिल्ला कृषि विकास कार्यालय अर्घाखाँचीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार १५ दिनभित्रै अर्थात् २०७४ भाद्र ६ गते नै लिखित सूचनाको प्रमाणित प्रतिलिपि उपलब्ध गराएको थियो । सूचना मागकर्ता शिव वेलबासे सन्धिखर्क नपा-१ अर्घाखाँचीलाई सम्बोधन गरी चलानी नं. ६८ को पत्रमार्फत् उक्त सूचना दिइएको हो । उक्त पत्रमा 'आ. व. २०७३/७४ मा सूचना, विज्ञापन, समवेदना, डकुमेण्ट्री, नाटक, भिडियोवापत संलग्न सूचीबमोजिमको रकम संलग्न मिडियाहरूलाई भुक्तानी गरिएको व्यहोरा अवगत गराइन्छ' भनी उल्लेख गरिएको छ । साथै सोही पत्रमा 'संलग्न विवरण हेरी अध्ययन गर्नुहुन अनुरोध छ' भनिएको छ । उक्त पत्रको बोधार्थ राष्ट्रिय सूचना आयोग काठमाडौंलाई पनि उपलब्ध गराइएको थियो ।

यसरी उपलब्ध गराएको सूचनामा चारवटा एफएमका लागि १५ हजार रुपैयाँका दरले सूचना प्रसारणवापत भुक्तानी गरिएको, मेचीकाली दैनिकमा २ वटा टेण्डरको सूचना १५ हजार रुपैयाँका दरले प्रकाशनवापत भुक्तानी गरिएको उल्लेख छ । त्यसैगरी '३ वटा साप्ताहिकमा सूचना प्रकाशन' शीर्षकमा राष्ट्रिय साप्ताहिकलाई ५ हजार रुपैयाँ भुक्तानी भएको उल्लेख छ भने अर्घाखाँची टाइम्सलाई सोही शीर्षकमा १७ हजार रुपैयाँ भुक्तानी गरिएको उल्लेख छ ।

खस्यौली साप्ताहिकलाई ९ हजार रुपैयाँ 'सूचना प्रकाशन' शीर्षकमा भुक्तानी गरिएको छ भने दैनिक पत्रलाई ६ हजार रुपैयाँ भुक्तानी गरिएको उल्लेख छ । रूपा देउराली पाक्षिकलाई ११ हजार रुपैयाँ भुक्तानी गरिएको विवरणमा उल्लेख छ । मेचीकाली राष्ट्रिय दैनिक, दैनिक मणिमुकुन्द प्रकाशन, गोरखापत्र, कान्तिपुर र अन्नपूर्ण पोष्ट दैनिकको स्थानीय उमेश बुक्स स्टेशनर्ससँग वार्षिक ग्राहक बनेको उल्लेख छ ।

कार्यालयले उपलब्ध गराएको विवरणमा चारवटा एफएमबाहेक सञ्चार माध्यमका प्रतिनिधिसमेत उल्लेख गरेको छ । यसअनुसार मेचीकाली

राष्ट्रिय दैनिकका प्रतिनिधि रुकमणि भुसाललाई ३ वटा भुक्तानी गरिएको, दैनिक पत्रका अनिल नेपालीसँग २ वटा कारोवार गरिएको देखिन्छ । अन्यसँग चाहिँ एकै पटक कारोवार भएको जानकारी दिइएको छ ।

सूचना मागकर्ता शिव वेलबासेका अनुसार जिल्ला कृषि विकास कार्यालयले पहुँच र भनसुनका आधारमा कार्यालय प्रमुखको तजविजमा नै सञ्चार माध्यमहरूले सूचना प्रकाशन प्रसारण र ग्राहकको रकम भुक्तानी पाउने गरेको प्रमाणित भएको दावी गर्नु भएको छ। यसरी आफूलगायतले गरको आशंका पुष्टि भएपछि स्थानीय रेडियोहरूमा दुई दिनसम्म उक्त विषयवस्तुको समाचार प्रसारणसमेत भएको थियो ।

❖ ❖

५

बक्यौता रकम उठ्यो

विगत लामो समयदेखि जिल्ला स्वास्थ्य कार्यालयको मातहत रहेका ६ वटा सटरको बहालको रकम प्राप्त भइरहेको थिएन । सूचनाको हकको उपयोग गरी सूचनाको माग गरिदिँदा र यसै निवदेनलाई आधार बनाई जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले भाडावालालाई पत्रचार गरेपछि भाडको रकम जम्मा हुन थालेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका विभिन्न विषयमा जनगुनासो आउन थालेपछि जलेश्वर नगरपालिका- २ निवासी जितेन्द्र पासवानले २०७४ असोज ४ गते एक निवेदन दर्ता गराउनुभएको थियो । सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाऊँ भन्नेबारे जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका सूचना अधिकारी समक्ष निवेदन २२४ नं. मा दर्ता गराउनुभएको थियो । राष्ट्रिय सूचना आयोगलाई पनि बोधार्थ दिएको उक्त निवेदनमा 'आफ्नो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेको तपसिलबमोजिमका सूचना नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाऊँ' भनिएको थियो ।

यसरी सूचना माग गरिएको विषयहरूमा आ. व. २०७४/७५ साउन १ देखि हालसम्म जिल्ला स्वास्थ्य कार्यालय महोत्तरी र अस्पताल विकास समिति जलेश्वरबाट करारमा भर्ना गरिएका सम्पूर्ण व्यक्तिहरूको विवरण (नाम, ठेगान, पद, नियुक्ति मिति, काम गर्ने स्थल, मासिक तलब) को प्रमाणित

विगत लामो समयदेखि जिल्ला स्वास्थ्य कार्यालयको मातहत रहेका ६ वटा सटरको बहालको रकम प्राप्त भइरहेको थिएन । सूचनाको हकको उपयोग गरी सूचनाको माग गरिदिँदा र यसै निवदेनलाई आधार बनाई जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले भाडावालालाई पत्रचार गरेपछि भाडको रकम जम्मा हुन थालेको छ ।

❖❖

जितेन्द्र पासवान

प्रतिलिपि, आ. व. २०७४/७५ को साउन १ देखि हालसम्म जिल्ला स्वास्थ्य कार्यालय महोत्तरी र अस्पताल विकास समिति जलेश्वरबाट करारमा भर्ना भएका कर्मचारीहरूको नियुक्तिका आधारहरूको (विज्ञापन, अस्पताल विकास समितिको निर्णय, कर्मचारी पदपूर्ति समितिको निर्णय वा सोलाई स्पष्ट गर्ने कुनै आधिकारिक निर्णय) प्रमाणित प्रतिलिपि, जिल्ला स्वास्थ्य कार्यालय महोत्तरी जलेश्वरको परिसरभित्र रहेका ६ वटा सटरको बहाल २०६८ देखि हालसम्म मासिक भाडादर र वार्षिक आम्दानी रकम (सालगत) मन्त्रालय तथा विभागबाट जलेश्वर अस्पताललाई सटर भवनको टेण्डर तथा खाली गर्नसम्बन्धी पत्राचार गरिएको पत्रको प्रमाणित प्रतिलिपि र जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीवाट आ. व. २०७३/७४ र २०७४/७५ मा जलेश्वर अस्पतालका लागि खरिद गरिएका औषधिहरूको विवरण, औषधिको नाम, दर, खरिद मिति र जम्मा खरिद रकम र हालसम्म मौज्दात रहेको औषधिहरूको विवरणको प्रमाणित प्रतिलिपि माग गरिएको थियो ।

सूचनाको हकसम्बन्धी ऐनले सूचना अधिकारी समक्ष सूचना माग गरी निवेदन प्राप्त भएको १५ दिनभित्र सूचना दिनुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम जिल्ला जनस्वास्थ्य कार्यालय माहोत्तरीले समयमा सूचना किन उपलब्ध नगराएको हो र सूचना उपलब्ध नगराउने सूचना अधिकारीलाई कार्यवाही गरी सूचना उपलब्ध गराइदिन कार्यालय प्रमुख समक्ष निवेदक पासवान उजुरी गर्न जानुभयो ।

उजुरी दर्ता गर्न जाँदा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. राजीवकुमार झाले उजुरी नगर्न अनुरोध गर्नुभएको थियो । सूचना मागकर्ताको अगाडि नै सूचना अधिकारी दीपेश मिश्रलाई सूचना उपलब्ध गराउन मौखिक निर्देशन दिनुभएको थियो । त्यसको भोलिपल्ट विना सम्बोधन अनौपचारिक रूपमा १३ पृष्ठको सूचना उपलब्ध गराइएको छ । यसरी सूचनामा उपलब्ध गराइएको विवरण १३ जना विभिन्न तहका कर्मचारी करारमा कार्यरत रहेका, २०७३ सालमा खरिद गरिको औषधि र समानहरूको सूची, सटर भाडामा लिने संस्था तथा प्रोप्राइटरको नाम, मासिक भाडा दर सम्झौता भएको मिति र हरेक वर्ष भाडा नबुझाएको रकम खुलाई पठाइएको विवरण उपलब्ध गराइएको थियो ।

प्राप्त सूचनामा निःशुल्क औषधिहरूको विवरण र २०७३ साउनदेखि २०७४ असारसम्मको आयव्यय विवरणको प्रमाणित प्रतिलिपिसमेत उपलब्ध गराइएको छ । जलेश्वर- २ निवासी सूचना मागकर्ता जितेन्द्र पासवानले

आफूलाई माग गरिएको सूचना केही समय ढिला भए पनि उपलब्ध भएको जानकारी दिनुभएको छ। त्योभन्दा पनि जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले आफूले सूचना माग गरिएको निवेदनलाई आधार बनाई सटर भाडामा लिने संस्था तथा प्रोप्राइटरको नाममा पत्राचार गरेको र सोअनुसार ३ आर्थिक वर्षदेखि उठ्न नसकेको भाडा उठाउन जिल्ला जनस्वास्थ्य कार्यालय सफल भएको जानकारी दिइएको छ।

सूचना मागकर्ता पासवानका अनुसार सम्झौता गरेर सटरहरू भाडामा लिने तर समयमा रकम जम्मा नगर्ने सटर भाडामा लिने संस्था तथा प्रोप्राइटरलाई राष्ट्रिय सूचना आयोगमा पनि निवेदन परेको भन्दै जिल्ला स्वास्थ्य कार्यालयले पत्राचार गर्नासाथ उक्त रकम उठेको हो। २०७४ असार मसान्तसम्म उठ्नुपर्ने करिव ३ लाख ४३ हजार रुपैयाँ रकम उठ्न बाँकी रहेकामा सूचना माग भई आएको र राष्ट्रिय सूचना आयोगमा लिखित उजुरी परेको भन्ने विवरणसहितको पत्र दिनासाथ करिव १ लाख ७६ हजार ६३८ रूपयाँ खातामा जम्मा भएको विवरणको प्रमाणित प्रतिलिपि जिल्ला स्वास्थ्य कार्यालयका लेखा अधिकृतले उपलब्ध गराउनुभएको छ।

❖ ❖

१० सूचना अधिकारीलाई सूचनासहित निर्देशन

विभिन्न सरकारी कार्यालयहरू मात्र होइन, संवैधानिक निकायहरू पनि सहज रूपमा माग गरिएका सूचना उपलब्ध गराउन तयार नभएको अवस्था देखिएको छ। संवैधानिक निकायमध्येको एक निर्वाचन आयोगबाट सूचना प्राप्त गर्न पनि राष्ट्रिय सूचना आयोगले खुलाई पठाउन भनी निर्देशन नै दिएपछि मात्र निर्वाचन आयोगले निर्णय नै गरी सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई निर्देशन दिन बाध्य भएको थियो।

निर्वाचन आयोगको कार्यालयका सूचना अधिकारी समक्ष २०७३ असोज १७ मा जिल्ला धनकुटा मारेककटहरे-९ घर भई हाल काठमाडौं बस्ने सविन पोखरेलले सूचना पाऊँ भनी निवेदन दर्ता गराउनुभएको थियो। निर्वाचन आयोगमा असोज १७ मा नै १०२२ नम्बरमा दर्ता भएको निवेदनमा 'आफ्नो जानकारी र प्रयोजनका लागि यस कार्यालयमा रहेका तपसिलका सूचनाहरू नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसार उपलब्ध गराउन अनुरोध छ' भनिएको थियो। सूचना माग गर्दै निर्वाचन कार्यालयमा दिएको निवेदनमा हाल नेपालमा कति दलहरू दर्ता भएका छन ?, संविधानसभा २०७० को निर्वाचनमा कुन दलले कति खर्च गरेका छन् ? सोको प्रमाणित प्रतिलिपि माग गरिएको थियो।

संवैधानिक निकाय निर्वाचन आयोगले नियमानुसार माग गरेको सूचना १५ दिनभित्र उपलब्ध गराउनुपर्ने सूचना करिव डेढ महिनासम्म पनि उपलब्ध गराएको थिएन । मागिएको सूचना समयमा प्राप्त नभएपछि सूचना मागकर्ता सविन पोखरेलले २०७३ मंसिर १ मा राष्ट्रिय सूचना आयोग समक्ष उजुरी निवेदन दिनुभएको थियो । आयोग समक्ष दिएको उजुरी

संवैधानिक निकायमध्येको एक निर्वाचन आयोगबाट सूचना प्राप्त गर्न पनि राष्ट्रिय सूचना आयोगले खुलाई पठाउन भनी निर्देशन नै दिएपछि मात्र निर्वाचन आयोगले निर्णय नै गरी सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई निर्देशन दिन बाध्य भएको थियो ।

❖❖



सविन पोखरेल

निवेदनमा कार्यालय प्रमुख तथा सूचना अधिकारी, निर्वाचन आयोगलाई विपक्षी बनाइएको थियो । उक्त उजुरीमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराउने उक्त कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख उपर कानुनबमोजिम कारवाही गरी माग गरिएका सूचनाहरूको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाऊँ भनिएको थियो ।

उक्त निवेदन उपर राष्ट्रिय सूचना आयोगले २०७३ मंसिर २० गते निर्वाचन आयोगका कार्यालय प्रमुख तथा सूचना अधिकारीका नाममा च.नं.७३३ नम्बरको पत्र लेखी खुलाई पठाउन भनी लेखी पठाएको थियो ।

यसरी राष्ट्रिय सूचना आयोगले लेखेको पत्रमा 'जिल्ला धनकुटा मारेककटहरे-९ घर भई हाल काठमाडौं बस्ने सविन पोखरेलले तहाँ कार्यालयमा कुनकुन मितिमा सूचना माग गरेको हो ? र पुनरावेदकले माग गरेको सूचना हालसम्म पनि पुनरावेदकलाई के कति कारणले उपलब्ध गराइएन तथा पुनरावेदनको सम्बन्धमा के भइरहेको छ ? सोबारे ७ (सात) दिनभित्र अनिवार्य रूपमा सूचना मागकर्ता र यस आयोगलाई जानकारी गराउनहुन निर्देशानुसार अनुरोध गरिन्छ' भनिएको छ । पत्रका साथमा पुनरावेदकको पुनरावेदनको प्रतिलिपि पनिसंलग्न गरी पठाइएको पनि व्यहोरामा उल्लेख गरिएको छ । यसको बोधार्थ पनि सूचना मागकर्ता सविन पोखरेललाई पनि दिइएको थियो ।

राष्ट्रिय सूचना आयोगले खुलाई पठाउन र सूचना उपलब्ध गराउन भनेको करिव एक महिनासम्म पनि सूचना मागकर्तालाई सूचना प्राप्त नभएपछि सूचना मागकर्ता पोखरेलले पुनः राष्ट्रिय सूचना आयोग समक्ष क्षतिपूर्तिसहित उजुरी दर्ता गराउनुभएको थियो । २०७३ पुस १४ को दर्ता नं. १६३८ मा दर्ता गरिएको उजुरीमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराउने उक्त कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख उपर विभागीय कारवाही तथा क्षतिपूर्ति भराई माग गरिएका सूचनाहरूको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाऊँ भन्ने उल्लेख गरिएको थियो । उक्त उजुरीका साथमा निर्वाचन आयोगमा र राष्ट्रिय सूचना आयोगमा दिएका निवेदनका प्रति र नेपाली नागरिकताको प्रति संलग्न रहेको विवरणमा उल्लेख छ ।

उता २०७३ मंसिर ३० गते नै निर्वाचन आयोगको बैठक बसी सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनु भन्ने निर्णय गरेको थियो भने त्यसको २० दिनपछि निर्वाचन आयोगले २०७३ पुस १९ गते आफ्नै सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनू भनी लिखित निर्देशन दिन बाध्य भएको थियो । यसरी दिएको निर्देशनमा समयमा सूचना उपलब्ध गराउन नसक्नुको कारणसमेत खुलाइएको थियो । निर्देशनमा सूचना मागको क्र. सं. २ मा उल्लेखित संविधानसभा २०७० को निर्वाचनमा कुन दलले कति खर्च गरेका छन् ? सोको आयोगमा बुझाएको प्रमाणित विवरणसम्बन्धमा उक्त सूचनाहरू अद्यावधिक अवस्थामा नरही 'म्यानुअल्ली' तयार गरी प्रशोधन एवं उत्पादन गर्नुपर्ने कच्चा अवस्थामा रहेकोमा निर्वाचनसम्बन्धी ९ वटा विधेयक तयार हुँदै गरेको लगायत कानुन तथा राजनीतिक दलसम्वद्ध महाशाखाको अतिशय कार्यचाप र व्यस्ततका कारण मागअनुरूपको सूचना उपलब्ध गराउन नभ्याइएको सम्म हो भनी विवरण उपलब्ध गराउन सूचना अधिकारीलाई भनिएको छ । साथै हाल आयोगमा १११ वटा पार्टी दर्ता भएको सूची यसै साथ रहेको र सोअनुसार नै सूचना उपलब्ध गराउन भनिएको छ ।

उक्त निर्देशनको अन्त्यमा भनिएको छ, '२०७० सालको संविधानसभाको निर्वाचनमा कुनकुन दलले कति खर्च गरेका छन् ? निर्वाचन आयोगमा बुझाएको दलगत खर्चको प्रमाणित विवरणका सम्बन्धमा दलहरूले आयोगमा पेस गरेको निर्वाचन खर्चका आधारमा आयोगले तयार गरेको दलहरूको निर्वाचन खर्च संलग्न गरिएको छ । सोको विवरण उपलब्ध गराउन निर्देशन गरेको थियो ।

सोही निर्देशनबमोजिम त्यसको भोलिपल्ट नै अर्थात २०७३ पुस २० मा निर्वाचन आयोगका सूचना अधिकारी सूर्यप्रसाद अर्यालले सूचना मागकर्ता सविन पोखरेललाई १० पृष्ठको सूचना उपलब्ध गराउनुभएको थियो । निर्वाचन आयोगको च. नं. ३७ नम्बरमा चलानी रहेको पत्र उक्त सविन पोखरेलको नाममा 'जानकारी सम्बन्धमा' भनेर उपलब्ध गराएको थियो । यसरी राष्ट्रिय सूचना आयोगको खुलाई पठाइदिने भन्ने पत्र र र निर्वाचन आयोगको २०७३ मंसिर ३० गतेको निर्णयअनुसार हाल आयोगमा १११ दल दर्ताको विवरण पृष्ठ ४ र आयोगमा बुझाएको दलगत खर्चको प्रमाणित विवरणका सम्बन्धमा दलहरूले आयोगमा पेस गरेको निर्वाचन खर्चका आधारमा आयोगले तयार गरेको दलहरूको निर्वाचन खर्च टिपोट पृष्ठ ५संलग्न गरी पठाइएको भन्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय सूचना आयोगलाई आयोगको आदेश कार्यान्वयनसम्बन्धी अवगतार्थ बोधार्थ दिएको उक्त सूचनामा सूचना दिन ढिलो हुनुको कारणसमेत खुलाइएको छ। सूचना मागकर्ता सविन पाखरेलका अनुसार आफ्नो सूचना मागको निवेदन र राष्ट्रिय सूचना आयोगमा गरेको पुनरावेदनले निर्वाचनमा आयोगको बैठक नै बसी सूचना दिन सूचना अधिकारीलाई निर्देशन दिने गरी निर्णय भएको छ। यसलाई आफूले राम्रो कामको सुरुवातको रूपमा लिएको जानकारी दिनुभएको थियो। सूचना अधिकारी समक्ष अन्य शाखाले सूचना उपलब्ध नगराउने, नीतिगत रूपमा सूचना उपलब्ध गराउनुपर्छ भन्ने निर्णय आयोगले नगरिदिएको हुँदा उक्त सूचना लिनका लागि निकै दुःख पाएको अनुभव रहेको जानकारी उहाँले दिनुभयो।

❖ ❖

११ सूचना मागले सडक समस्या समाधान

लामो समयदेखि ठेकेदार कम्पनीले सडक कालोपत्रे गर्ने काम सम्पन्न गरे पनि कलोपत्रे गर्दा थुपारिएको माटो तथा निर्माण सामग्री नहटाउँदा सडक आसपासका मानिसहरूलाई ठूलै समस्या भई आवतजावत गर्न नै गाह्रो भइरहेको थियो । सडक आसपासका बासिन्दाहरूले सडक कार्यालयमा अनौपचारिक रूपमा कुरा गर्दा निर्माण कम्पनीलाई सम्पर्क गर्न असम्भव भएपछि उक्त सडकमा थुप्रेका सामान हटाउने उद्देश्यले सूचनाको माग गरेको निवेदन दर्ता गरेको तीन दिनभित्रै उक्त सडक आसपासको माटो, गिटीहरू हटाउने कार्यको प्रारम्भ भई समस्या समाधान भएको थियो ।

गाईघाट-दिक्तेल सडक आयोजना कार्यालय गाईघाटद्वारा ठेकेदार कम्पनीले सडक पिच गरेको महिनौंसम्म सडकलाई कुरूप बनाई सामान हटाइरहेको थिएन । उक्त आयोजना कार्यालय समक्ष सूचना उपलब्ध गराई पाऊँ भनी त्रियुगा नगरपालिका- २ निवासी अजयकुमार साहले २०७३ माघ १७ मा निवेदन दिनुभएको थियो । नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध गराई पाऊँ भनी निवेदन गरिएको थियो । उक्त निवेदनको राष्ट्रिय सूचना आयोगलाई समेत बोधार्थ दिइएको थियो । उक्त पत्रको बोधार्थ उदयपुर जिल्लामा क्रियाशील सूचनाको हकका लागि नागरिक संजाल र नागरिक अभियानलाई समेत बोधार्थ दिइएको निवेदनमा उल्लेख गरिएको छ । उक्त निवेदनमा उदयपुर जिल्ला सदरमुकाम गाईघाट मुख्य चोकदेखि त्रियुगा पुलसम्म आ. व. २०७३/७४

सडक आसपासका बासिन्दाहरूले सडक कार्यालयमा अनौपचारिक रूपमा कुरा गर्दा निर्माण कम्पनीलाई सम्पर्क गर्न असम्भव भएपछि उक्त सडकमा थुप्रेका सामान हटाउने उद्देश्यले सूचनाको माग गरेको निवेदन दर्ता गरेको तीन दिनभित्रै उक्त सडक आसपासको माटो, गिटीहरू हटाउने कार्यको प्रारम्भ भई समस्या समाधान भएको थियो ।

❖❖



अजय साह

मा सम्पन्न गरिएको कालोपत्रे/वटासिलको काम कुन ठेकेदार कम्पनीले सम्पन्न गरेको हो ? यसको कूल लागत कति हो ? यसअन्तर्गत गर्नुपर्ने कामहरू केके थिए ? कहिले सम्पन्न भएको हो ? सम्पन्न कार्यको इस्टिमेट, प्राविधिक चेकजाँच, अनुगमन प्रतिवेदनसहितका कागजातको प्रमाणित प्रतिलिपि मागिएको छ । साथै निवेदनमा सम्पन्न गरिएको कालोपत्रे/वटासिलको कामको क्रममा सडक वा सडक पेटीबाट खनिएको माटो हालसम्म पनि के कति कारणले सडकमै थुप्रिएको हो ? सो माटो सफा गर्नुपर्ने हो कि होइन ? यसको जिम्मेवारी कसको हो ? सोको विवरणसमेत खुलाई लिखित सूचना उपलब्ध गराइदिन आग्रह गरिएको छ ।

यसरी निवेदन दिएको तीन दिनभित्रै अर्थात् २०७३ माघ २१ मा नै उक्त कार्यालयका कर्मचारी साहको घरमा नै आएर माटाका ढिस्का र निर्माण सामग्री हटाउने जानकारी मात्र दिइएन, तुरुन्त माटाका ढिस्का हटाउने कार्यको प्रारम्भ भएको थियो । १५औँ ट्रक सडकमा रहेको निर्माण सामग्री हटाउने कार्यले सडक आसपासका मानिसलाई ठूलै सुविधा र राहत मिलेको थियो । उक्त कार्यालयको सूचना उपलब्ध गराउने विषय प्रथामिकतामा भने परेन । अर्थात् नियमानुसार १५ दिनमा सूचना उपलब्ध नगराई २०७३ फागुन ४ मा फोनबाट कार्यालय प्रमुख हरिकुमार पोखरेलले सूचना मागकर्ता र उजुरकर्ता अजयकुमार साहलाई कार्यकक्षमा नै बोलाई उक्त सूचनाको माग गरिएबमोजिम सडकमा भइरहेको असुविधा र माटो हटाउने काम भइसकेकोले सूचना किन चाहियो ? भनी प्रश्नसमेत गर्नुभएको थियो ।

सडक सफा गर्ने काम कार्यालयको काम भएको, आफूले मागेको सूचना पाउनुपर्ने जिकिर गरेपछि सूचना मागकर्ता साहको अगाडि नै सूचना अधिकारी कमलप्रसाद यादवलाई सूचना तयारी गर्न निर्देशन गर्न बाध्य भएका थिए ।

यसरी कार्यालय प्रमुखले नै काम भइसक्यो, सूचना किन आवश्यक छ ? भनेपछि र सूचना प्राप्त नहुने भएपछि सूचना मागकर्ता साहले २०७३ फागुन ८ मा कार्यालय प्रमुख समक्ष सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर कार्यवाही गरी माग गरेको सूचना पाऊँ भनी उजुरी गर्नुभएको थियो । सोही मितिको दर्ता नं. ५२० मा उजुरी दर्ता भएको थियो ।

सूचना मागकर्ताले कार्यालय प्रमुख समक्ष उजुरी दर्ता गरेको भोलिपल्ट अर्थात् २०७३ फागुन ९ मा ६ गते नै तयार गरिएको सूचना उपलब्ध गराइएको थियो । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग गाईघाट-दिक्तेल सडक आयोजना उदयपुरले सूचना मागकर्ता अजयकुमार साहलाई सूचना उपलब्ध गराइएको थियो । कार्यालयको च. नं. २७५ को पत्रमा '२०७३ माघ १० मा दिनुभएको निवेदनअनुसार तपाईंले माग गरेको तपसिलबमोजिम विवरण उपलब्ध गराइएको छ' भनी उल्लेख गरिएको छ । कार्यालय प्रमुख हरिकुमार पोखरेलले हस्ताक्षर गर्नुभएको सूचनामा मागकर्ताले मागिएको पहिलो सूचना मात्र उपलब्ध गराइएको छ । काम सम्पन्न भइसेकेको भनेको सडक आसपासको माटो रहेको वा हटाइएको विषयमा भने केही पनि उल्लेख गरिएको छैन ।

सूचना मागकर्ता साहका अनुसार महिनौँदेखि गाईघाट मुख्य सडकमा यत्रतत्र रहेको माटोको ढिस्कोका कारण बाटो हिँड्न र ट्राफिक व्यवस्थापनमा समेत ठूलै चुनौति खडा भएको थियो । सडक आसपासका बासिन्दा आजित भएर नगरपालिका र सडक कार्यालय धाउँदा पनि समस्या समाधान भइरहेको थिएन । तर सूचनाको हकको उपयोग गरी सूचना मागको लागि निवेदन पेस गरेपछि उक्त समस्या समाधान गरिएको थियो ।

❖ ❖

१२ सूचना उपलब्ध नगराउने प्रमुखलाई पाँचहजार रुपैयाँ जरिवाना

आफ्नो गाउँको विद्यालयमा व्यापक अनियमितता भएको गुनासो आएपछि त्यसको वास्तविकता पत्ता लगाउने उद्देश्यले विद्यालय समक्ष सूचनाको हक प्रयोग गरी सूचना माग गरिएको सूचना उपलब्ध नगराउने विद्यालयलाई कार्यवाही गरिएको छ ।

पटक पटकको ताकेता, निर्देशन र आदेशको अवज्ञा गरेको भन्दै राष्ट्रिय सूचना आयोगले उक्त विद्यालयको प्रधानाध्यापकलाई पाँच हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ ।

सूचनाको हकको उपयोग गरी कलैया नगरपालिका वडा नं.- ७ निवासी ईन्द्रप्रसाद यादवले २०७२ माघ २८ मा पन्नादेवी कन्या उच्चमाध्यमिक विद्यालयका सूचना अधिकारी समक्ष सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि पाऊँ भनी निवेदन गर्नुभएको थियो । विद्यालयसँग सूचना मागिएको निवेदनमा 'तपसिलमा उल्लेखित रहेका सूचनाहरू आफनो अध्ययनका लागि आवश्यक भएको हुँदा सूचना तथा जानकारी प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार निवेदन गरेको छु' भनिएको छ । निवेदनमा उल्लेख गरिएका मागहरूमा २०६८ देखि २०७१ सम्मको आय व्ययको प्रमाणित प्रतिलिपि, सोही अवधिको बैंक स्टेटमेन्ट, सो अवधिमा भएको विद्यालयको निजी आम्दानीको बैंक स्टेटमेन्टसहितको प्रमाणित प्रतिलिपि, तहगत शिक्षक, शिक्षिका र कर्मचारीको विवरण मागिएको छ । साथै निवेदनमा २०७२ मा निर्माण गरिएको शौचालयको आय व्यय तथा लागत स्टिमेट र चारकोठे भवनको आय व्यय विवरणलगायतका सूचना माग गरिएको छ ।

आफ्नो गाउँको विद्यालयमा व्यापक अनियमितता भएको गुनासो आएपछि त्यसको वास्तविकता पत्ता लगाउने उद्देश्यले विद्यालय समक्ष सूचनाको हक प्रयोग गरी सूचना माग गरिएको सूचना उपलब्ध नगराउने विद्यालयलाई कार्यवाही गरिएको छ ।

❖❖

ईन्द्रप्रसाद यादव

नियमानुसार १५ दिनभित्र सूचना उपलब्ध गराउनुपर्नेमा करिव एक महिनासम्म पनि सूचना प्राप्त नभएपछि २०७२ फागुन १७ मा कार्यालय प्रमुख तथा विद्यालयका प्रधानाध्यापक समक्ष सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर कारवाही गरी माग गरेको सूचना उपलब्ध गराई पाऊँ भनी सूचना मागकर्ता यादवले उजुरी दिनुभएको थियो । यो उजुरीको पनि विद्यालयले कुनै सुनवाइ नगरेपछि २०७२ साल चैत १५ मा सूचना मागकर्ता यादवले नै राष्ट्रिय सूचना आयोग समक्ष उजुरी गर्नुभयो । विद्यालयका सूचना अधिकारी र प्रधानाध्यापकलाई विपक्षी बनाई सूचना उपलब्ध नगराउने विद्यालयका जिम्मेवार व्यक्ति उपर कार्यवाही गरी सूचना गराई पाऊँ भनी उजुर गरिएको थियो । उक्त उजुरी उपर कार्यवाही गर्दै रष्ट्रिय सूचना आयोगले २०७३ बैशाख २२ गते नै पुनरावेदकले माग गरेको सूचना पुरावेदकलाई ७ (सात) दिनभित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी श्री पन्नादेवी कन्या उमावि कलैया बाराका प्रधानाध्यापक र सूचना अधिकारीका नाममा आदेश जारी गरेको थियो ।

राष्ट्रिय सूचना आयोगको आदेश भएपश्चात पनि विद्यालयले सूचना उपलब्ध नगराएपछि सूचना मागकर्ता यादवले २०७३ असार १ गते मागबमोजिमको सूचना नदिएको हुँदा दण्ड जरिवानासमेतको कार्यवाही गरिपाऊँ भनी पुनः उजुरी गर्नुभयो । त्यसको जानकारी विद्यालयले उपलब्ध गराएन । आयोगले आदेश कार्यान्वयनका लागि भनी पत्राचार गर्दा पनि कुनै सुनवाइ नभएपछि निर्णय नं. ८६ मार्फत २०७३ कात्तिक ७ गते उक्त विद्यालयका प्रधानाध्यापक सुनरपति यादवलई जरिवाना गर्ने फैसला गरेको छ ।

राष्ट्रिय सूचना आयोगको मुद्दा नं. ६३५ को फैसलामा भनिएको छ, 'आयोगको पटक पटकको आदेशपश्चात् पनि आदेश कार्यान्यवयन नगरेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा १ मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था छ । 'नागरिकले सरल र सुलभ किसिमले सूचना प्राप्त गरून् भन्ने उद्देश्यका साथ जारी भएको सूचनाको हकसम्बन्धमा आयोगको आदेश कार्यान्वयन गर्नुपर्नेमा सोसमेत भएको नदेखिएको । यसरी नागरिकको मौलिक हकका रूपमा रहेको सूचनाको

हकको प्रचलनमा अटेरी गर्ने, आयोगको आदेशको अवज्ञा गर्नेलाई कानुनबमोजिम सजाय गरिने कुराको पटक पटक चेतावनी दिँदा र सजाय गरिने जानकारी दिँदासमेत सूचना नदिने श्री पन्नादेवी कन्या उमावि कलैया बाराका प्रधानाध्यापक (कार्यालय प्रमुख) सनरपति यादवलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु. ५,०००/- (पाँच हजार मात्र) जारिवाना गर्ने निर्णय गरिएको छ' भनिएको छ ।

साथै उक्त निर्णयमा नागरिकले माग गरेको सूचना उपलब्ध गराउने अन्य वैकल्पिक व्यवस्था गर्न गराउन जिल्ला शिक्षा कार्यालयलाई लेखी पठाउन पनि भनिएको छ । यस आदेशबमोजिमको जरिवाना रकम असुल उपर गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई पनि लेखी पठाउनू र यसको जानकारी पुनरावेदकलाई पनि दिनू भनी निर्णय गरिएको छ ।

❖ ❖

१३ रकम दुरुपयोग भएको रहस्योद्घाटन

सूचनाको हकको प्रयोग गरी जिल्लाका विभिन्न कार्यालयहरुमा सूचना माग गर्दा एउटै समानमा विविध मूल्य कायम गरी आर्थिक अनियमितता गरेक रहस्य खुलेको थियो । पछिल्लो् समयमा यस्तै कार्यले गर्दा जिल्ला कृषि विकास कार्यालयले आफुहरुसँग भएका मेशिन र औजारहरु रहेको लिखित जानकारी दिएको र उक्त जानकारीलाई विभिन्न पत्रपत्रिका र स्थानीय रेडियो मार्फत प्रकाशन र प्रशारण हुँदा किसानहरुले ठुलै फाईदा उठाएका थिए । त्यतिमात्र हैन एउटै समान खरिद गर्दा दीर्घकालीन कृषि योजना सहयोग कार्यक्रमका बारेमा प्राप्त सूचनालाई र अध्ययन गर्दा जिल्लाका गरीव कृषकहरूको नाममा आएको रकमको सहयोग कसरी दुरुपयोग भएको रहेछ भन्ने समेत सार्वजनिक भएको थियो ।

अर्घाखाँची जिल्ला स्थित सन्धिखर्क १ निवासी मुक्तिनाथ भूषालले २०७४ भदौ ३० मा जिल्ला कृषि विकास कार्यालय अर्घाखाँचीका सूचना अधिकारी समक्ष सूचना उपलब्ध गराई दिन निवेदन दिनु भएको थियो । दर्ता नं १२४ मा सोही दिन दर्ता भएको निवेदनमा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार आफनो अध्ययान प्रयोजन लगायतका लागि निम्न लिखित सूचनाहरुको आवश्यकता परेको हुँदा प्रमाणित प्रतिलिपि उपलब्ध गराउन भनिएको थियो। यसरी मागिएका सूचनाहरुमा आर्थिक वर्ष २०७३/७४ मा बाली विकास अर्न्तगत खरिद गरिएका मेशिनरी औजारहरु के के थिए र को कस्लाई दिईएको थियो ? सो को जानकारी

सूचनाको हकको प्रयोग गरी जिल्लाका विभिन्न कार्यालयहरुमा सूचना माग गर्दा एउटै समानमा विविध मूल्य कायम गरी आर्थिक अनियमितता गरेक रहस्य खुलेको थियो ।

❖❖



मुक्तिनाथ भूषाल

सहित खरिद गरिएको समानहरुको विलहरुको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष २०७३/७४ मा बाली विकास कार्यक्रम अर्न्तगत चालु तथा पुँजीगत अनुदान प्राप्त गर्ने ब्यक्ति वा संस्थाको नाम र ठेगान सहित प्राप्त गरेको रकम के कति थियो ? सो को जानकारी सहित खर्च गरिएको रकम विवरण तथा आर्थिक वर्ष २०७३/७४ मा बागवानी विकास कार्यक्रमका लागि सो कार्यालयले के कस्ता क्रियाकलापहरुमा रकम खर्च गरेको थियो सो को जानकारी मागिएको थियो ।

नियमाअनुसार सूचना माग गरेको १५ दिन भित्र सूचना उपलब्ध गराउनु पर्नेमा कारिव १ महिना पछि अर्थात २०७४ असोज २४ मा नै भएपनि सूचना उपलब्ध गराएको थियो । नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषि विभाग अर्न्तगको जिल्ला कृषि विकास कार्यालय अर्घाखाँचीले सूचना मागकर्ता मुक्तिनाथ भूषाललाई साम्बोधन नै गरेर सूचना उपलब्ध गराइएको थियो । सूचना मागको निवेदन बमोजिम आव २०७३/७४ मा वाली विकास अर्न्तगत खरिद गरिएको खरिद मेशनरी औजार र सोको विलभरपाईको प्रतिलिपि र चालु आवमा उक्त अनुदान प्राप्त गर्ने ब्यक्ति वा स्संथाको विवरण र वागवानी विकास कार्यक्रमको लागि त्यस कार्यालयले संचानलन गरेका कार्यक्रमहरुको जानकारी माग गर्नुभएकोमा उक्त विवरण यसै पत्रसाथ संलग्न छयासी थान पत्र साथमा उपलब्ध गराइएको उल्लेख गरिएको थियो । उक्त कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत जगन्नाथ अधिकारीद्धारा हस्ताक्षरित पत्रमा संलग्न विवरण हेरी जानकारी लिन अनुरोध छ भनिएको छ ।

सूचना मागकर्ता मुक्तिनाथ भूषालले अर्घाखाँची स्टेशनरी सामान खरिदमा सरकारी कार्यालय बिच मूल्य फरक फरक रहेको जानकारी दिनु भएको छ । उहाँका अनुसार कङ्गारु ब्रान्डको सानो आकारको स्ट्याप्लर मेसिनलाई कोलेनिकाले ८०, प्रहरीले ६५, जिल्ला प्रशासनले ७० र पशु सेवा कार्यालयले ७५ रुपैयाँमा खरिद गरेको पाइएको थियो । यस्तै, कोरियन ग्लुस्टिकका लागि कसैले ४५, कसैले ५५, कसैले ९० त कसैले एक सय १० रुपैयाँसम्म खर्च गर्ने गरिएको पाइयो । जापानिज पाइलट पेनका लागि कोलेनिकाले सय रुपैयाँ र जिप्रकाले एक सय बीस रुपैयाँ भुक्तानी गरेको पाइएको थियो ।

पशु सेवा कार्यालयले कम्पनी उल्लेख नगरेको पाइलट पेनका लागि ५० रुपैयाँ, कृषि विकास कार्यालयले एक सय २० रुपैयाँ र जिल्ला प्रशासन कार्यालयले ९० रुपैयाँ भुक्तान गरेको पाइएको थियो । प्राप्त

सूचनाहरूको अध्ययन तथा अनुसन्धान गरी सार्वजनिक गरिएपश्चात सदरमुकाममा रहेका अगुवाहरूका बीचमा ठुलो चर्चाको विषय बनेको थियो भने उक्त कार्यको सुधारका लागि विभिन्न प्रक्रिया समेत अगाडि बढाउन थालिएको छ ।

❖ ❖

१४ ठेकेदारलाई सहमति गराइयो

ग्रामीण सडक निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले समयमा काम नगरेको व्यापक गुनासो भएपछि सूचनाको हकको प्रयोगबाट सूचना लिई स्थानीय रूपमा सार्वजनिक सुनवाइदेखि विभिन्न पत्रपत्रिकामा समाचार प्रकाशन गरी निर्माण कम्पनीलाई रकम रोक्का गर्नेसम्मका काम भएका छन् । प्राप्त सूचनाका आधारमा स्थानीय सरोकारवालाहरूको दबाबमा ठेकेदार कम्पनीलाई कार्यवाही गर्ने प्रतिवद्धता स्थानीय प्रशासनले व्यक्त गर्न बाध्य भएको थियो । भोजपुर वडा नं.- ९ टक्सार निवासी घमचन्द्र दाहालले २०७४ बैशाख ३ गते जिल्ला प्राविधिक कार्यालयका सूचना अधिकारी समक्ष सूचना उपलब्ध गराई पाऊँ भन्ने निवेदनले यस्तो अवस्था सृजना भएको हो ।

भोजपुरस्थित जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय सूचना आयोगलाई बोधार्थसमेत दिइएको उक्त निवेदनमा आफूलाई स्थानीय सरोकारवाला नागरिकलाई सुसूचित गराउने तथा विकास निर्माणको नागरिक स्तरबाट अनुगमन गरी अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारीविरुद्ध खबरदारी र उजुरी गर्ने प्रयोजनका लागि त्यस कार्यालयमा रहेको र रहनुपर्ने निम्नबमोजिमका सूचना, विवरण र तथ्यहरू आवश्यक परेको जानकारी गराउँदै 'नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध गर्छु भनी उल्लेख गरिएको थियो ।

मागिएको सूचनामा भोजपुरदेखि गुम्बा हुँदै कोट गोगने ग्रामीण सडक निर्माणका लागि कोसँग र कहिले ठेक्का सम्झौता गरिएको हो ? कुन दातृ निकायको

ग्रामीण सडक निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले समयमा काम नगरेको व्यापक गुनासो भएपछि सूचनाको हकको प्रयोगबाट सूचना लिई स्थानीय रूपमा सार्वजनिक सुनवाइदेखि विभिन्न पत्रपत्रिकामा समाचार प्रकाशन गरी निर्माण कम्पनीलाई रकम रोक्का गर्नेसम्मका काम भएका छन् ।

❖❖

घमचन्द्र दाहाल

कति बजेट प्राप्त भएको छ ? बजेट र कामको परिणाम खुल्नेगरी भएको ठेक्का सम्झौताको प्रमाणित प्रतिलिपि, सम्झौताअनुसार कहिलेसम्ममा निर्माण कार्य सम्पन्न गर्नुपर्ने हो र के कति कारणले निर्माण कार्य सम्पन्न हुन नसकेको हो ? भन्ने व्यहोराको प्रमाणित प्रतिलिपि, उक्त सडक निर्माणको जिम्मा पाएको ठेकेदारलाई कुनकुन मितिमा के कति बजेट निकासा दिइएको छ ? कति बजेट निकासा भएको छ ? बजेट निकासा दिन स्वीकृत विल भर्पाई र प्राविधिक मूल्यांकनसहितको कार्यसम्पादन प्रतिवेदनको प्रमाणित प्रतिलिपि, समयमा काम नगर्ने निर्माण कम्पनीलाई के कस्तो कार्यवाही हुन्छ ? यहाँको कार्यालयबाट समयमा काम नगर्ने निर्माण कम्पनीलाई केही कार्यवाही भएको छ ? र, निर्माण कम्पनी प्रमुखहरूको नाम, ठेगाना र सम्पर्क नम्बरसहितको विवरणको प्रमाणित प्रतिलिपि माग गरिएको थियो ।

नियमानुसार पन्ध्र दिनमा सूचना उपलब्ध गराउनुपर्नेमा नदिएपछि पुनः सूचना मागकर्ता घमचन्द्र दाहालले जिल्ला प्राविधिक कार्यालयका कार्यालय प्रमुख समक्ष उजुरीसहित सूचना उपलब्ध गराइदिन पुनः निवेदन २०७४ बैशाख २२ मा निवेदन दिनुभयो । त्यसको दुई दिनपश्चात कार्यालय प्रमुखले सूचना उपलब्ध गराइदिनू भनी तोकसमेत लगाउनुभएको थियो । प्रमुखको तोकलाई समेत बेवास्ता गरी सूचना उपलब्ध नगराएपछि जिल्ला प्राविधिक कार्यालय भोजपुरका कार्यालय प्रमुख तथा सूचना अधिकारीलाई विपक्षी बनाई राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुभएको थियो । २०७४ जेठ ३ मा गरिएको पुनरावेदनमा सूचना उपलब्ध नगराउने कार्यालय प्रमुख तथा सूचना अधिकारीलाई कडाभन्दा कडा कारवाही गर्न भनिएको थियो । सोही दिन सूचना मागकर्ता दाहालले जिल्ला प्रशासन कार्यालय भोजपुरमार्फत राष्ट्रिय सूचना आयोगमा पुनरावेदन पठाइदिन निवेदन गर्नुभएको थियो । यसरी गरिएको निवेदनमा 'सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना सम्बन्धित कार्यालयबाट प्राप्त हुन नसकेको हुँदा निम्न कार्यालयविरुद्ध पुनरावेदन गर्नुपर्ने भएकोले जिल्ला प्रशासन कार्यालयमार्फत् आयोगमा पुनरावदेन प्रेषित गरिदिनुहुन अनुरोध गर्दछु' भनिएको थियो । सोही निवेदनका आधारमा जिल्ला प्रशासन कार्यालय भोजपुरले २०७४ जेठ ४ गते लिखित रूपमा पुनरावेदन पठाएको व्यहोरा पत्राचार गऱ्यो । चलानी नं. १३४४ को पत्रमा सूचना मागकर्ताले 'यस कार्यालयमार्फत् तहाँ आयोगमा पेस गर्नुभएको पुनरावेदनको पाना १० (दश) आवश्यक कार्यवाहीका लागि यसै पत्रका साथ संलग्न राखी पठाइएको व्यहोरा अवगत गराइन्छ' भनी उल्लेख गरिएको छ ।

यसरी जिल्ला प्रशासन कार्यालयमार्फत् राष्ट्रिय सूचना आयोगमा गरिएको पुनराववेदन उपर कार्यवाही अगाडि बढाउँदै २०७४ जेठ १८ मा सात दिनभित्र जिल्ला प्राविधिक कार्यालयलाई खुलाई पठाइदिने भनी आयोगले पत्राचार गरेको थियो । आयोगको चलानी नं. २३१६ को पत्रमा 'तहाँ कार्यालयमा कुनकुन मितिमा सूचना माग गरिएको हो ? र पुनरावदेकले माग गरिएको सूचना हालसम्म पनि पुनरावेदकलाई के कति कारणले उपलब्ध गराइएन तथा सो निवेदनका सम्बन्धमा के भइरहेको छ ? सोबारे सात दिनभित्र अनिवार्य रूपमा सूचना मागकर्ता र यस आयोगलाई जानकारी गराउनुहुन निर्देशानुसार अनुरोध गरिन्छ' भनिएको छ । सो पत्रको बोधार्थ पुनरावेदक घमचन्द्र दाहालाई पनि दिइएको छ ।

यसरी आयोगले खुलाई पठाउन सात दिने निर्देशन गरे पनि करिव २३ दिनपछि २०७४ असार ११ मा बल्ल राष्ट्रिय सूचना आयोगलाई पठाएको भनेर पत्राचार गरेको छ । चलानी नम्बर ६४८ को पत्रमा 'आयोगको पत्र अवगत भएको र तत्सम्बन्धमा निवेदक घमचन्द्र दाहालले मिति २०७५ बैशाख २२ मा सूचना मागेकोमा २०७४ असार ९ मा सूचना विवरण उपलब्ध गराइएको व्यहोरा अवगत गराइन्छ' भनिएको छ ।

जिल्ला प्राविधिक कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख जिल्ला इन्जिनियरले हस्ताक्षर गरेको पत्रको बोधार्थ सूचना मागकर्ता घमचन्द्र दाहाललाई पनि गराइएको छ ।

जिल्ला प्राविधिक कार्यालयले सूचना उपलब्ध गराएपछि भोजपुर जिल्लामा ठूलै हल्लीखल्ली मच्चिएको थियो । खासगरी सम्झौताबमोजिम निर्माण कम्पनीले काम नगरेको विषयमा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा २०७४ साउन ३१ गते यही सूचनाका आधारमा सार्वजनिक सुनवाइ गर्नेदेखि विभिन्न दबाबमूलक कार्यक्रम नै सञ्चालन गरिएको थियो । यही सूचनाका आधारमा २०७४ असोज १ मा प्रमुख जिल्ला अधिकारी, कार्यालय प्रमुखहरू, जिल्ला समन्वय समिति र राजनीतिक दलहरू संलग्न अनुगमन टोलीले उक्त बाटो निरीक्षण गरी ठेकेदारले तत्काल वैकल्पिक बाटो बनाई कात्तिक ७ गतेबाट निर्माण गर्न सहमत भए पनि हालसम्म कुनै काम अगाडि भने नबढेको र सो विषयमा 'ठेकेदार बेपत्ता भएपछि बेहाल' र 'ठेकेदार बेपत्ता हुँदा सडक अलपत्र' भन्ने जिल्ला र राष्ट्रिय दैनिकहरूको समाचारसमेत बनेको थियो । सूचना मागकर्ता दाहालका अनुसार उक्त सूचना मागले सबै सरोकारवालाहरूलाई एक ठाउँमा उभ्याउन सघाउ पुगेको छ ।

❖ ❖

१५

सेवा अवरुद्ध भए पनि महसुल असुल उपर

भौतिक विकास तथा निर्माण गर्दा अन्तरकार्यालयको समन्वय नहुँदा सेवाग्राहीले ठूलो सास्ती खेप्नु कुनै अनौठो विषय होइन । यस्तो समन्वयको अभावले महिनौँसम्म सेवाग्राहीहरू सेवा सुविधाबाट बञ्चित हुने गरेका छन् । यस्तै सास्ती भोग्नुपरेको थियो, नेपालगञ्ज उपमहानगरपालिले नाला तथा सडक निर्माण गर्ने क्रममा नेपाल टेलिकमले विस्तार गरेको टेलिफोन सञ्जालको संरचना ध्वस्त बनाउँदा । यसबाट करिव दुई सय जना सेवाग्राहीले सास्ती खेप्नुपरेको थियो । यो सास्तीबाट उन्मुक्ति पाउने उद्देश्यले नेपाल टेलिकम समक्ष सूचनाको हकको प्रयोग गरी सूचना माग गर्दा ढिलै भए पनि उक्त सास्तीबाट मुक्ति मिलेको र सेवा सुचारु नभएको समयको पनि नेपाल टेलिकमले महसुल असुल उपर गरेको प्रमाणित भएको थियो ।

सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको तर्फबाट अधिवक्ता विश्वजित तिवारीले २०७४ साउन १८ गते नेपालगञ्जस्थित नेपाल टेलिकमका सूचना अधिकारी समक्ष सूचना उपलब्ध गराई पाऊँ भनी निवेदन दिनुभएको थियो । राष्ट्रिय सूचना आयोग काठमाडौँलाई समेत बोधार्थ दिइएको उक्त निवेदनमा 'आफ्नो जानकारी एवं अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेका र रहनुपर्ने तपसीलमा उल्लेखित सूचना तथा विवरणहरू आवश्यक परेको हुँदा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनसार सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन यो निवेदन गर्दछु' भनिएको छ । उक्त निवेदनमा नेपालगञ्जस्थित

भौतिक विकास तथा निर्माण गर्दा अन्तरकार्यालयको समन्वय नहुँदा सेवाग्राहीले ठूलो सास्ती खेप्नु कुनै अनौठो विषय होइन । यस्तो समन्वयको अभावले महिनौँसम्म सेवाग्राहीहरू सेवा सुविधाबाट बञ्चित हुने गरेका छन् ।

❖❖

विश्वजित तिवारी

डीएसपी रोडलगायतको ल्याण्डलाइन र इन्टरनेट कहिले बन्ने हो र सो लाइन कुनका कारणले अवरुद्ध भएको छ ? सो अवधिभित्रको एडीएसल र टेलिफोन महसुलमा छुट वा विनियोजन हुन्छ ? पूर्ण रूपमा जानकारी पाऊँ भनिएको छ ।

सूचना माग गरेको करिव एक महिना भित्र अर्थात् २०७५ भदौ १३ मा नेपाल टेलिकम कार्यालय नेपालगञ्ज प्रशासन शाखाका कार्यालय प्रमुख संजयसिंह सिजापतिले हस्ताक्षर गरी आंशिक रूपमा सूचना उपलब्ध गराइएको थियो । चलानी नम्बर १७९ को उक्त पत्रमा सूचना मागकर्ता मानवअधिकार अनुसन्धान केन्द्र नेपालगञ्जलाई सम्बोधन गर्दै 'जानकारी गाराइएको' भनी उल्लेख गरिएको छ । उपलब्ध गराइएको सूचनामा '२०७४ साउन १२ देखि सल्यानी मार्ग र फुण्टेका साइडमा नाला तथा सडक विस्तारको क्रममा उक्त एरियाको टेलिफोन पोल तथा केवुलहरू झिकी निर्माण कार्य भइरेहेको अवगत गराइन्छ' भनी उल्लेख गरिएको थियो । साथै सोही पत्रमा 'उक्त क्षेत्रमा हालसम्म पनि सडक तथा नाला बनाउने कार्य नेपालगञ्ज उपनगरपालिकाले सम्पन्न गर्न नसकेको हुँदा सडक तथा नाला निर्माण कार्य सम्पन्न भएको केही दिनभित्रमा सो क्षेत्रका टेलिफोन सेवाग्राहीहरूको सेवा सञ्चालन हुन सक्ने व्यहोरा अनुरोध छ' भनी लेखी पठाएको थियो । 'एडीएसएल सेवा सञ्चालनका लागि पनि टेलिफोन लाइन संचालन हुनुपर्ने हुँदा टेलिफोन लाइन आएपछि मात्र सो सेवा स्वतः सञ्चालन हुनेछ' भनिएको छ ।

नेपाल टेलिकमले महिनौं दिनसम्म पनि फोन र एडीएसएल सेवा लिएका सेवाग्राहीले सो अवधिको महसुलको विषयमा मागिएको सूचनामा केही पनि उल्लेख नगरेर आंशिक रूपमा मात्रै सूचना उपलब्ध छ । यो सूचना उपलब्ध गराएको पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय बाँके, नेपाल टेलिकम मध्यपश्चिम क्षेत्रीय निर्देशनालय र नेपालगञ्ज उपमहानगरपालिका कार्यालय नेपालगञ्जलाई समेत दिइएको छ ।

नेपालगञ्ज उपमहानगरपालिका कार्यालय नेपालगञ्जलाई बोधार्थ मात्र नभई उक्त स्थानको नाला तथा सडक निर्माणको कार्य सम्पन्न गर्नेतर्फ आवश्यक पहल गरी सेवा सञ्चालनमा सहयोग गरिदिनुहुन भनी लेखी पठाएको व्यहोरा सबै सम्बन्धित निकायहरूमा लेखी पठाएको थियो ।

यसरी पत्र पाएको केही हप्तापछि नेपालगञ्ज उपमहानगरपालिका कार्यालयले उक्त क्षेत्रका अन्य काम थाँती राखे पनि नेपाल टेलिकमको पोल र केवुल राख्ने गरी निर्माण गरिदिएपछि तत्कालै पोल र केवुल विस्तार गरी सेवा सुचारु गरेको छ । उक्त क्षेत्रको सडक र नाला निर्माणको कार्य अझ पनि सम्पन्न भएको छैन ।

सूचनाको मागकर्ता विश्वजित तिवारीका अनुसार सूचनाको हकको उपयोग गरी सूचना माग गर्दा करिव २ सय सेवाग्राहीको सेवा सुचारु गर्ने विषयले प्राथामिकता पाएको तर करिव ३ महिनासम्म सेवा सुचारु नभएको अवधिको पनि महसुल असुल उपर गरिरहेको पनि प्रमाणित भएको दाबी गर्नुभएको छ । सो विषयमा कुनै जानकारी नदिई टेलिकमले सेवाग्राहीसँग महसुल उठाइरहेको छ ।

❖ ❖

१६

बजेट निकासा भएको ६ वर्षमा पनि भवन नबनेको खुलासा

निर्वाचन क्षेत्रस्तरीय प्राथमिक स्वास्थ्य केन्द्रको भवन दुई वर्षमा निर्माण गरिसक्नुपर्नेमा ४ वर्षमा पनि निर्माण नभए पनि दुई तिहाईभन्दा बढी रकम भुक्तानी गरिसकिएको प्रमाणित भएको छ। समयमा काम नगरेको भनेर कारवाही स्वरूप राष्ट्रिय पत्रिकामार्फत् स्पष्टीकरण सोधिएको भए पनि रकम भुक्तानीचाहिँ खुरुखुरु भएको पाइएको थियो। सूचनाको हकको उपयोग गरी मागिएको सूचनाले यस्तो रहस्यको उद्घाटन भएको थियो ।

नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय नेपालगञ्जका सूचना अधिकारी समक्ष धनराज कठायतले २०७४ मंसिर ७ मा सूचना उपलब्ध गराई पाउन निवेदन दिनुभएको थियो । 'आफ्नो अध्ययन तथा अनुसन्धान प्रयोजनका लागि त्यस कार्यालयमा रहेका र रहनुपर्ने तपसिलबमोजिमका सूचना तथा विवरणहरू आवश्यक परेको हुँदा नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाऊँ' निवेदनमा उल्लेख गरिएको थियो। राष्ट्रिय सूचना आयोग र जिल्ला प्रशासन कार्यालय बाँकेलाई बोधार्थ दिइएको उक्त निवेदनमा लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माणको बजेट, डिजाइन र सम्झौता पाऊँ र उक्त स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुने हो ? भन्दै सोको जानकारीसहित प्रमाणित प्रतिलिपि मागिएको थियो।

सूचना र मानवअधिकार अनुसन्धान केन्द्र नेपालगञ्जको सहयोगमा स्थानीय स्वयंसेवी धनराज कठायतले माग गरेको सूचना २०७४ मंसिर १२ मा नै उपलब्ध गराइएको छ । सूचना मागकर्ता

निर्वाचन क्षेत्रस्तरीय प्राथमिक स्वास्थ्य केन्द्रको भवन दुई वर्षमा निर्माण गरिसक्नुपर्नेमा ४ वर्षमा पनि निर्माण नभए पनि दुई तिहाईभन्दा बढी रकम भुक्तानी गरिसकिएको प्रमाणित भएको छ ।

❖❖

धनराज कठायत

धनराज कठायतलाई सम्बोधन गरी चलानी नम्बर १ मा उपलब्ध गराइएको सूचनामा लक्ष्मणपुर प्राथमिक स्वास्थ्य चौकीको बजेट/डिजाइन सम्झौता तथा निर्माण कार्य कहिले सम्पन्न हुने हो भन्ने सम्बन्धमा सूचना माग गर्नुभएको अवगत भएको व्यहोरा अवगत भएको उल्लेख गरिएको छ। 'सूचना उपलब्ध गराइएको' भनी उपलब्ध गराएको पत्रमा 'सोसम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ अनुसार माग भएबमोजिमको व्यहोरा यस डिभिजन कार्यालयका डिभिजन प्रमुख इन्जिनियर सुनिलकुमार ठाकुरले प्रमाणित गराई सोको प्रमाणित प्रतिलिपि थान १ यसै साथ संलग्न राखी सूचना उपलब्ध गराइएको व्यहोरा अनुरोध छ' भनिएको छ। सूचना अधिकारी जयराम थारूद्वारा हस्ताक्षरित उक्त पत्रको बोधार्थ राष्ट्रिय सूचना आयोग काठमाडौँ र जिल्ला प्रशासन कार्यालय बाँकेलाई पनि दिइएको छ।

डिभिजन कार्यालयले बुँदागत रूपमा उपलब्ध गराएको सूचनामा परियोजनाको नाम भनी लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण र नरैनापुरर गाउँपालिका रहेको उल्लेख गरिएको छ। उक्त भवन निर्माणका लागि ३ करोड २० लाख ९२ हजार ७६७ रुपैयाँ रहेको र निर्माण कम्पनीसँग २०६८ भदौ २ मा सम्झौता गरिएको उल्लेख गरिएको छ। दुई वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने उक्त योजनाको ६ वर्षमा ७५ प्रतिशत मात्र काम सम्पन्न भएको विवरणमा उल्लेख गरिएको छ। कैलालीस्थित सुरुचि जागृति जे.भी. धनगढीको निर्माण कम्पनीसँग सम्झौताबमोजिमको २ करोड २९ लाख ४६ हजार ४०४ रुपैयाँ रकम उपलब्ध गराइसकेको विवरणमा उल्लेख छ।

उपलब्ध गराएको सूचनामा पटक पटक डिभिजन कार्यालयबाट साइट (भवन निर्माण स्थल) निरीक्षण गर्दा साइटमा निर्माण कार्य कार्ययोजनाअनुसार नदेखिएको उल्लेख गरिएको छ। समयमा सम्झौताअनुसारको काम सम्पन्न नभएको स्पष्ट जानकारी दिँदै डिभिजन प्रमुख सुनिलकुमार ठाकुरले सूचनामा निर्माण व्यवसायीलाई बोलाई ताकेता गरेर काम सम्पन्न गर्न विभिन्न समयमा स्पष्टीकरण सोधेको र भवन निर्माणस्थलमा प्राविधिक कर्मचारी राख्न च. नं. ९५०, २०७० भदौ १० मा पत्र लेखेको उल्लेख गरिएको छ।

समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कार्यवाही स्वरूप राष्ट्रिय पत्रिकामार्फत् २०७० भदौ १७ गते पहिलो पटक सार्वजनिक रूपमा स्पष्टीकरण सोधिएको थियो। विभिन्न दबाबले

बजेट लैजाने तर काम सम्पन्न नगर्ने कम्पनीलाई समय थप गर्दै लगिएको थियो । पछिल्लो समय हर्जनासहित २०७४ जेठ ३० गतेसम्ममा निर्माण सम्झौताको समय अवधि बढाइएकोमा त्यो समयमा पनि काम सम्पन्न भएको छैन । पुनः २०७४ भदौ १६ गते पत्रिकामार्फत् स्पष्टीकरण सोधिएको तर त्यसको कुनै जवाफ नआएको कुरा उल्लेख गरिएको छ । डिभिजन कार्यालयका अनुसार सम्झौताअनुसार कम्पनीले काम नगर्ने कार्यालयले सम्झौताको समय अवधि पनि नबढाउने अवस्थामा पुगेको छ भने निर्माण कम्पनीले थप काम नगर्ने पक्षमा गएको छ । यसरी भवन निर्माणको कार्य अधुरो नै रहने अवस्थामा छ भने बजेट निकासका लागि विभिन्न समयमा दबाब आउने भने गरेको छ। न सडक डिभिजन कार्यालयले काम लिन सकेको छ, न कुनै कार्यवाही नै गरेको छ।

❖ ❖

१७

सूचना माग, आदेश र कार्यान्वयन एकै दिनमा

पछिल्लो समय सूचनाको हकको उपयोग गरी सूचना दिने र लिने परिपाटीको विकास हुन थालेको छ । एकै दिनमा सूचना माग गर्ने र सोहीअनुसार कार्यवाहीका लागि आदेश हुने र सोही दिन आदेश कार्यान्वयन भएको अवस्था पनि देखिएको छ । सरकारी तथा सार्वजनिक निकायसँग सूचनाको हकको उपयोग गरेर मागेको सूचना लिने क्रममा त्यस्तो हुने गरेको छ । पछिल्लो समय नेपालगञ्जमा नेपाल खानेपानी संस्थान शाखाका कार्यालयमा सूचना माग गर्दा त्यस्तै भएको छ ।

बाँके जिल्लास्थित नेपालगञ्ज निवासी जेष्ठ नगारिक मुन्नीदेवी बनेनीले २०७४ बैशाख १३ मा नेपाल खानेपानी संस्थान शाखा कार्यालय नेपालगञ्जका सूचना अधिकारी समक्ष सूचना उपलब्ध गराई पाऊँ भनी निवेदन दिनुभएका थियो । सूचनाको हकका क्षेत्रमा क्रियाशील संस्था सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको सहयोगमा मागिएको सूचनाको निवेदनमा आफ्नो जानकारी र अध्ययन प्रयोजनका लागि त्यस कार्यालयमा रहेका र रहनुपर्ने तपसिलमा उल्लेखित सूचना तथा विवरणहरू आवश्यक परेको हुँदा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि माग गरिएको थियो । उक्त निवेदनमा 'उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासबाट २०७३ फागुन ४ मा नेपाल खानेपानी संस्थानको नाउँमा आदेश जारी भएकोमा मैले यस संस्थानमा आदेश कार्यान्वयन गरी पाऊँ भनी दिएको निवेदनमा के कारवाही

पछिल्लो समय सूचनाको हकको उपयोग गरी सूचना दिने र लिने परिपाटीको विकास हुन थालेको छ । एकै दिनमा सूचना माग गर्ने र सोहीअनुसार कार्यवाहीका लागि आदेश हुने र सोही दिन आदेश कार्यान्वयन भएको अवस्था पनि देखिएको छ । सरकारी तथा सार्वजनिक निकायसँग सूचनाको हकको उपयोग गरेर मागेको सूचना लिने क्रममा त्यस्तो हुने गरेको छ ।

❖❖

मुन्नीदेवी बनेनी

भएको छ ? अदालतको उक्त आदेश कहिले कार्यान्वयन हुने हो ? मैले पानी र महसुलमा जरिवाना छुट कहिले पाउने हो ? सोको मितिसमेत खोली जानकारी उपलब्ध गराइदिनुहुन अनुरोध छ' भनिएको छ ।

राष्ट्रिय सूचना आयोग र जिल्ला प्रशासन कार्यालय बाँकेलाई बोधार्थ दिइएको निवेदनमा नेपालगञ्ज- १ की मुन्नीदेवी बनेनीले सूचना माग गर्न जाँदा त्यहाँका कर्मचारीले निवेदन दस्तुरवापत लिएको १० रुपैयाँ फिर्ता गरेका छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार निवेदन पेस गरेकोमा सूचना दस्तुरवापत र. नं. १३७ बाट सो दस्तुर लिई सूचनासमेत उपलब्ध गराइएको थिएन । सोही दिन अर्थात् २०७४ बैशाख १३ गते नै जिल्ला प्रशासन कार्यालय समक्ष सूचना मागकर्ता मुन्नीदेवी बनेनीले सूचनाको हकको निवदेन दस्तुरसम्बन्धमा ठाडो निवेदन दिनुभएको थियो । निवेदनमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार निवेदन पेस गरेकोमा सूचना दस्तुर वापत र. नं. १३७ बाट सो दस्तुर लिई सूचनासमेत उपलब्ध नगराएपछि जिल्ला प्रशासन कार्यालय समक्ष ठाडो उजुरीपछि प्रमुख जिल्ला अधिकारी रविलाल पन्थीले सोही दिन अर्थात् २०७४ बैशाख १३ गते नै लिखित आदेश गर्नुभएको थियो ।

जिल्ला प्रशासन कार्यालय नेपालगञ्जको चलानी नं. ५४७४ को पत्रमा सूचना उपलब्ध गराउनेसम्बन्धमा नेपाल खानेपानी संस्थान शाखा कार्यालय नेपालगञ्ज बाँकेलाई लेखिएको पत्रमा नेपालगञ्ज- १ बस्ने मुन्नीदेवी बनेनीले २०७४ बैशाख १३ मा संस्थानमा सूचना उपलब्ध गराई पाऊँ भनी सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार निवेदन पेस गरेकोमा दस्तुरवापत रसिद नं. १३७ बाट रु. १० लिएको र सूचनासमेत उपलब्ध नगराएको भनी यस कार्यालयमा निवेदन पेस हुन आएकोमा सूचनाको हकसम्बन्धी ऐनअनुसार सूचनाको मागको लागि निवेदन दिँदा कुनै शुल्क लाग्नेछैन भन्ने व्यवस्था भएको हुँदा निजले तिरेको निवेदन दस्तुरवापतको रु. १० निजलाई फिर्ता दिनुका साथै निजले माग गरेको सूचनासमेत उपलब्ध गराउन आदेश गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयको लिखित आदेशपश्चात् सोही दिन अर्थात् २०६४ बैशाख १३ गते नै नेपाल खानेपानी संस्थानले दस्तुरवापत लिएको रकम फिर्ता गर्दै सूचनासमेत उपलब्ध गराएको थियो ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय नेपालगञ्जको चलानी नम्बर २४९ को पत्रका अनुसार उच्च अदालत तुलसीपुर नेपालगञ्जको इजलासले २०७३ फागुन ४ मा नेपाल खानेपानी संस्थानको नाउँमा आदेश जारी भएअनुसार यस संस्थानले आदेश कार्यान्वयन गरिसकेको पानी र महसुलमा जरिवाना छुट दिन थालिसकिएको जानकारी गराइएको छ ।

सार्वजनिक सरोकारको विषय भन्दै गरिएको रिट निवेदमा उच्च अदालत तुलसीपुर नेपालगञ्जको इजलासले २०७३ फागुन ४ मा धारामा पानी उपलब्ध नभएको समयको महसुल र जरिवाना नलिनू भन्ने आदेश गरेको थियो । सोही अनुसार उक्त अदालतको आदेश कार्यान्वयन भइरहेको थिएन । उक्त आदेशको कार्यान्वयनका लागि दिएको निवेदनको कुनै सुनवाइ नभएपछि जेष्ठ नागरिक बनेनीले सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको सहयोगमा सूचना माग गर्नुभएको थियो । सूचना र मानवअधिकार अनुसन्धान केन्द्रमा कार्यरत विश्वजित तिवारीका अनुसार सूचना माग, ठाडो उजुरी र सूचना उपलब्ध गराउने कार्य एकै दिन हुनुले सूचनाको हकको विषयले प्राथमिकता पाउन थालेको आफूले महसुस गरेको बताउनुभएको थियो ।

❖ ❖

१८

कार्यकारी अधिकृत र सूचना अधिकारीलाई दशहजार जरिवाना

मागकर्ताले पटक पटक नियमानुसार सूचना माग गर्दा सूचना नदिने मात्र होइन, रीष्ट्रिय सूचना आयोगको आदेशलाई अवज्ञा गर्ने नगरपालिकाका सूचना अधिकारी र कार्यालय प्रमुख (कार्यकारी अधिकृत)लाई जनही दश हजार रुपैयाँका दरले जरिवाना गर्ने राष्ट्रिय सूचना आयोगले फैसला गरेको छ ।

वीरगञ्ज उपमहानगरपालिका कार्यालय वीरगञ्जका सूचना अधिकारी समक्ष सूचना पाऊँ भनी हुलाकमार्फत् २०७१ असार २७ मा वीरगञ्ज-१० निवासी रामपुकार रौनियारले निवेदन दिनुभएको थियो । सूचना माग गरिएको निवेदनमा 'आफ्नो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेक तपसिलका सूचनाहरू आवश्यक भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि गराइदिनुहुन अनुरोध गर्दछु' भनिएको थियो ।

सूचना माग गरिएका विषयहरूमा आयकर छुट हुने संस्था दर्ताको हकमा पर्सा जिल्लाका गाविस र वीरगञ्ज उपमहानगरपालिकाभरिका संघसंस्थाले व्यवसायको प्रमाणपत्र पेस गर्नुपर्ने बाध्यात्मक व्यवस्थाको विवरण, निर्धारित वर्गीकृत राजश्व दस्तुर लिएको विवरण, निःशुल्क उपमहानगरपालिकाको व्यवसाय प्रमाणपत्र अनिवार्य उपलब्ध गर्नुपर्ने संस्थाको वर्गीकरणको विवरण, आ.व. २०७०/७१ को आयकर छुट हुने संस्था दार्ताको हकमा राष्ट्रियस्तरका गैरसरकारी संघसंस्थाहरूले वीरगञ्ज उपमहानगरपालिकाको व्यावसायिक प्रमाणपत्र

मागकर्ताले पटक पटक नियमानुसार सूचना माग गर्दा सूचना नदिने मात्र होइन, रीष्ट्रिय सूचना आयोगको आदेशलाई अवज्ञा गर्ने नगरपालिकाका सूचना अधिकारी र कार्यालय प्रमुख (कार्यकारी अधिकृत)लाई जनही दश हजार रुपैयाँका दरले जरिवाना गर्ने राष्ट्रिय सूचना आयोगले फैसला गरेको छ ।

❖❖

रामपुरी रौनियार

अनिवार्य रूपमा पेस गर्नुपर्ने बाध्यात्मक व्यवस्थासहितको लिखित विवरणको प्रमाणित प्रतिलिपिसहितको सूचना माग गरिएको थियो ।

नियमानुसार १५ दिनमा कुनै सूचना प्राप्त नभएपछि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधानअनुसार कार्यालय प्रमुख (कार्यकारी अधिकृत) समक्ष सूचना पाऊँ भनी सूचना मागकर्ता रामपुकार रौनियारले २०७१ साउन १८ मा पनि निवेदन दिनुभयो । यसको पनि कुनै सुनवाइ नभएपछि सूचना मागकर्ता रामपुकार रौनियारले राष्ट्रिय सूचना आयोगमा उजुरी दिनुभएको थियो । उजुरीमा नगरपालिकाका सूचना अधिकारीले सूचना मागको निवेदन लिन अस्वीकार गर्नुभएको र हुलाकमार्फत् निवेदन दिएको र कुनै पनि जवाफ नपाएको हुँदा सूचना उपलब्ध गराउन पहल गरिदिन अनुरोध गरिएको थियो ।

उक्त उजुरी उपर राष्ट्रिय सूचना आयोगले २०७१ भदौ ११ मा 'निवेदकले माग गरेको उल्लेखित सूचनाहरू निवेदकलाई सात दिनभित्र उपलब्ध गराई सोको एक प्रति यस आयोगमा पठाउन' भनी वीरगञ्ज उपमहानगरपालिका प्रमुख एवं सूचना अधिकारी ताराबहादुर कार्कीका नाममा आदेश जारी गरेको थियो । उक्त आदेशमा उजुरीकर्ताले दिनुभएको उजरीका छाया प्रति समावेश भएको पनि जानकारी गराइएको थियो । राष्ट्रिय सूचना आयोगको च. नं ४८६ बाट उक्त आदेश भएको जानकारी वीरगञ्ज उपमहानगरपालिकालाई दिइएको थियो । कात्तिक महिनामा उपमाहनगरपालिकालाई पत्र लेखिएको थियो ।

राष्ट्रिय सूचना आयोगले आदेश दिएको करिव २ वर्षसम्म पनि नगरपालिकाले सूचना उपलब्ध नगराएपछि २०७३ कात्तिक १ मा 'विपक्षीलाई दण्ड जरिवाना, क्षतिपूर्ति दिलाई सूचना उपलब्ध गराई पाऊँ' भनी उजुरी गरिएको थियो । उक्त उजुरी निवेदन/पुनरावेदन प्राप्त भएपछि '२०७३ कात्तिक २९ मा आयोगले उक्त उजुरी उपर कार्यवाही विश्लेषण गर्दा वीरगञ्ज उपमहानगरपालिका कार्यालयले पुनरावेदकले माग गरेको सूचना उपलब्ध नगराउनुपर्ने कारण र तर्क देखिँदैन' भनेको छ । साथै यस आयोगबाट आदेश जारी भएको लामो समय बितिसक्दा पनि के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? ऐनअनुसार आयोगले प्रक्रिया किन अगाडि नबढाउने ? र यसरी यति लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको कारण ३ दिनभित्र आयेगमा पठाउनू भन्ने आदेश दिएको थियो । पुरानो आदेशअनुसार नै पुनरावेदकले मागेको सूचना पनि ३ दिनभित्र उपलब्ध गराइदिनू भन्ने आदेश गरिएको थियो ।

उक्त आदेशपछि वीरगञ्ज नगरपालिकाले सूचना मागकर्ता रामपुकार रौनियारलाई सम्बोधन गरी २०७३ मंसिर १६ मा पत्राचार गरी केके सूचना मागिएको हो ? स्पष्ट गरिदिन भनिएको थियो । कार्यकारी अधिकृत पिताम्बर अधिकारीद्वारा हस्ताक्षरित पत्रको बोधार्थ राष्ट्रिय सूचना आयोग र जिल्ला विकास समितिलाई पनि गराइएको व्यहोरामा उल्लेख छ । राष्ट्रिय सूचना आयोगमा उक्त पत्रको बोधार्थ प्राप्त भएपछि २०७३ पुस ७ गते पुनः आदेशपश्चात पनि निज पुनरावेदकले पटक पटक सूचना पाउन सकिनँ भनी आयोगमा उजुरी गरेको देखिएको उल्लेख गरिएको छ । उक्त निवेदनमा आयोगबाट २०७३ मा पुनः आदेश दिइएको थियो । सूचना नदिएको उक्त लिखित निवेदनमा राष्ट्रिय सूचना आयोग आदेश कार्यान्वयन भन्दै आदेश गर्ने तर उपमहानगरपालिकाले नटर्ने कार्य जारी रह्यो । अन्य निकायलाई भन्दा सुनवाइ नभएपछि तालुकदार निकाय जिल्ला विकास समितिलाई बोधार्थ दिएर २०७३ पुस २२ गते आदेशसहितको निर्देशन दिइएको थियो ।

यसरी राष्ट्रिय सूचना आयोगका सातवटा भन्दा बढी निर्देशन र आदेशको समेत कार्यान्वयन नहुने भएपछि २०७३ पुस २२ मा आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ अनुसार उक्त उपमहानगरपालिकाका कार्यालय प्रमुख पिताम्बर अधिकारी र सूचना अधिकारी प्रकाशमान सिंहलाई जनही १० हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ । उक्त फैसलामा नागरिकको संविधानप्रदत्त हक र कानुनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख र सूचना अधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भनिएको छ । सोही ठहरसहितको आदेशपछि सोही दिन अर्थात् २०७३ पुस २२ मा पर्सा जिल्लास्थित प्रमुख जिल्ला अधिकारीलाई आयोगबाट भएको जरिवाना असुल गरी जानकारी पठाइदिनू भनी पत्राचार नै गरेको थियो । आयोगको चलानी नम्बर ८१२ मा कानुनअनुसार कार्यालयको अभिलेखमा राखी सोअनुरूप असुल गर्न र सो भएको जानकारी आयोगमा पठाउन निर्देशन दिइएको थियो । उक्त पत्रको बोधार्थ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिविस पर्सा र सम्बन्धित अधिकारीलाई पनि जानकारी दिइएको छ ।

❖ ❖

१५ नागरिकलाई स्वास्थ्य उपचारको हकबाट बञ्चित नगर्नु/नगराउनु भन्ने आदेश

राप्तीपारि क्षेत्रको स्वास्थ्य केन्द्रमा प्रायः प्रमुखलगायतको स्वास्थ्यकर्मी नबसेका कारण सेवाग्राही स्वास्थ्य सेवाबाट वञ्चित थिए र उपचार गराउन भारततर्फ जानुपर्ने बाध्यता थियो । बाँकेको राप्तीपारि क्षेत्रअन्तर्गत पर्ने लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख मेडिकल अधिकृत डा. राजेशकुमार मण्डल करिब दुई वर्षदेखि लामो अध्ययन बिदा बसेपछि स्वास्थ्य सेवा केन्द्र नै प्रमुखविहीन बनेको थियो । केन्द्र प्रमुख मात्र नभई सो अस्पतालका वरिष्ठ कर्मचारीहरू नबस्ने गरेको पाइएको थियो । केन्द्रमा रहेको ११ जनाको कर्मचारीको दरबन्दीमा हाल जम्मा ६ जना हुने गरेको र नियमित उपस्थित नरहेको स्थानीयले गुनासो गरेका थिए । लामो समयदेखि चिकित्सक बिदामा बस्ने र अन्य स्वास्थ्यकर्मीको पद रिक्त हुनपुगेको प्रमाणित भएको थियो ।

सूचनाको हक उपयोग गरी मागिएको सूचनाले यस्तो प्रमाणित भएको हो । राप्तीपारि क्षेत्रलाई लक्षित गरी संचालन गरिएको स्वास्थ्य केन्द्रमा चिकित्सिक नभएकाले प्रभावकारी सेवा नभएको भन्दै सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको पहलमा संस्थाका तर्फबाट अरुण तिवारीले २०७४ कात्तिक १३ मा जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी समक्ष सूचना उपलब्ध गराइदिन निवेदन दिनुभएको थियो । सूचना माग गरिएको निवेदनमा 'आफ्नो अध्ययन प्रयोजनका निमित्त यस कार्यालयमा रहेका तपसिलमा उल्लेखित सूचना तथा विवरणहरू आवश्यक परेको हुँदा नेपालको संविधान

सूचना मागकर्ता अरुणकुमार तिवारीका अनुसार सूचनाको हकको उपयोग गरी मागिएको सूचनाको आधारमा अदालतले सिधै आदेश गराउन सफल भएपछि अब स्वास्थ्य केन्द्रमा डाक्टरहरू उपलब्ध हुने विश्वास व्यक्त गर्नुभएको छ ।

❖❖



अरुणकुमार तिवारी

र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु' भनिएको छ ।

सूचना माग गरिएको निवेदनमा 'प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्य उपचौकीसमेतमा कुनकुन किसिमको सेवा सुविधा पाइन्छ ? बाँके जिल्लामा कति प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्य उपचौकी कहाँकहाँ छन् र उक्त चौकीहरूमा कुनकुन पदहरूको दरबन्दी छ र उक्त पदमा कोको कार्यरत छन् ? सम्पूर्ण जानकारी पाऊँ' भनिएको थियो। राष्ट्रिय सूचना आयोगलाई समेत उक्त निवेदनको बोधार्थ दिइएको थियो।

जिल्ला स्वास्थ्य कार्यालयले उक्त विषयमा सूचना उपलब्ध गराएको थियो। यसरी उपलब्ध गराएको सूचनामा धेरै कर्मचारी अध्ययन बिदामा बसेको विवरण प्राप्त भएपछि धेरै ठाउँको अलावा जिल्ला जनस्वास्थ कार्यालय बाँके, नरैनापुर गाउँपालिका, प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर र प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर स्वास्थ्य केन्द्र स्थापना भएको करिब २४ वर्ष बितिसक्दा पनि त्यहाँका नागरिकहरूले अहिलेसम्म डाक्टरको मुख देख्न नपाएको तथ्य फेला परेपछि यो विषयलाई सार्वजनिक सरोकारको विषय भएको भन्दै अदालतमा मुद्दा नै दर्ता गरिएको थियो। सूचना र मानवअधिकार अनुसन्धान केन्द्रको सहयोगमा सूचना मागकर्ता अरुणकुमार तिवारीले उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास समक्ष मुद्दा दायर गर्नुभएको थियो। केन्द्रमा एमबीबीएस डाक्टर, स्टाफ नर्स, ल्याब असिस्टेण्टलगायत दक्ष जनशक्तिको दरबन्दी रहे पनि चिकित्सक काजमा बाहिर अध्ययन गर्ने र अन्य केही कर्मचारी नियमित नआउने र रिक्त दरबन्दीले स्वास्थ्य सेवा प्रभावित भएको भन्दै मुद्दा दयार गरिएको थियो ।

यसरी दायर गरिएको मुद्दा उपर उच्च अदालत तुलसीपुर नेपालगञ्जको संयुक्त इजलासले यही मंसिर १० गते बाँकेको नरैनापुर गाउँपालिकाअन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई तत्काल चिकित्सकसहितको सेवा उपलब्ध गराउन आदेश नै दिएको छ। अदालतमा परेको मुद्दामाथि सुनवाइ गर्दै 'सेवाग्राहीहरूको तत्काल रोगको औषधि उपचार, परीक्षण र उनीहरूको स्वास्थ्य उपचारको हकबाट बन्चित नगर्नू/नगराउनू' भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम तत्कालको लागि आदेश जारी गरेको थियो । २०५० सालदेखि स्थापना भएको लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकको दरबन्दी भए पनि कागजमा मात्र भएको चिकित्सक आए पनि काज

सरुवा, अध्ययन बिदा मिलाएर जाने गरेको एउटा अहेवको भरमा मात्र चौकी संचालनमा रहेको प्रमाण अदालतमा पेस गरिएको थियो ।

माग गरिएको सूचनाको आधारमा उच्च अदालतमा मंसिर ४ गते रिट दायर गरिएको थियो । उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जका न्यायाधीश विष्णुदेव पौडेल र गुणराज ढुंगेलकोसंयुक्त इजलासबाट उक्त आदेश भएको थियो । अदालतले विपक्षी जिल्ला जनस्वास्थ्य कार्यालय बाँक, नरैनापुर गाउँपालिका, प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर र प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर संचालन तथा व्यवस्थापन समितिको नाममा आदेश दिएको थियो ।

सूचना मागकर्ता अरुणकुमार तिवारीका अनुसार सूचनाको हकको उपयोग गरी मागिएको सूचनाको आधारमा अदालतले सिधै आदेश गराउन सफल भएपछि अब स्वास्थ्य केन्द्रमा डाक्टरहरू उपलब्ध हुने विश्वास व्यक्त गर्नुभएको छ ।

❖ ❖

२० अट्ठाइस विद्यार्थीलाई छात्रवृत्तिको रकम वितरण

गाउँगाउँमा रहेका विद्यालयहरूले विभिन्न जेहेन्दार, दलित र छात्राहरूलाई राज्यले उपलब्ध गराएको छात्रवृत्ति रकमको दुरूपयोग गर्ने गरेको भन्ने विषयको वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा अट्ठाइस जना विद्यार्थीले छात्रवृत्ति नै प्राप्त गरेका छन् । सूचनाको हकको उपयोग गरी आफ्नो गाउँको विद्यालयसँग लिखित सूचनाको माग गर्दा सूचना उपलब्ध गराउनुपूर्व नै विद्यालयले विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको थियो ।

बारा जिल्लास्थित .धर्मनगर, हाल कलैया नगरपालिका वडा नं.- १६ निवासी नितेशप्रसाद केशरीले लिखित रूपमा सूचना मागले छात्रवृत्ति वितरण भएको हो । सूचना मागकर्ता नितेश केशरीले आफ्नो गाउँको विद्यालय नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक समक्ष २०७३ कात्तिक १ मा सूचना उपलब्ध गराइदिनु भन्ने निवेदन गर्नुभएको थियो । सूचना माग गरिएको निवेदनमा 'आफ्नो अध्ययन तथा समाचार सम्प्रेषणका लागि कार्यालयमा रहेका तपसिलबमोजिमका सूचना तथा विवरणहरू आवश्यक परेकाले नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना तथा विवरणहरूको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध छ' भनिएको छ ।

विद्यालयसँग सूचना मागिएको निवेदनमा आर्थिक वर्ष २०७१/७२ र २०७२/७३ मा यो विद्यालयमा के कति छात्रवृत्ति वितरण भएको छ ? यसरी प्राप्त भएको छात्रवृत्ति कुनकुन विद्यार्थीलाई

गाउँगाउँमा रहेका विद्यालयहरूले विभिन्न जेहेन्दार, दलित र छात्राहरूलाई राज्यले उपलब्ध गराएको छात्रवृत्ति रकमको दुरूपयोग गर्ने गरेको भन्ने विषयको वास्तविकता पत्ता लगाउने उद्देश्यले सूचना माग गर्दा अट्ठाइस जना विद्यार्थीले छात्रवृत्ति नै प्राप्त गरेका छन् ।

❖❖

नितेशप्रसाद केसरी

दिइएको छ ? विद्यार्थी र विद्यार्थीका बुबाको नाम र कति कक्षामा अध्ययन गर्ने हो ? सोको विवरणसमेतको लिखित विवरणको प्रमाणित प्रतिलिपि र यस विद्यालयमा अध्ययनरत विद्यालयको विद्यार्थीको नाम, ठेगाना र बुबाको नामसमेतको विवरण दिँदा कक्षाअनुसारको विवरण अलगअलग रूपमा उपलब्ध गराउन भनिएको थियो । राष्ट्रिय सूचना आयोग काठमाडौँलाई बोधार्थ दिइएको निवेदन सोही दिन विद्यालयमा ७ नम्बरमा दर्ता भएको थियो ।

विद्यालयका प्रधानाध्यापक समक्ष सूचनाको माग गरी निवेदन दिएको ११ दिनपछि अर्थात् २०७३ कात्तिक ११ मा सूचना मागकर्ता नितेशप्रसाद केशरी र सूचनाको हक वकालतकर्ता मुकेशकुमार कुशवाहलाई विद्यालयमै बोलाएर उक्त विद्यालयले छात्रवृत्तिको रकम २८ जनालाई उपलब्ध गराउन थालेको थियो । तत्काल छात्रवृत्तिको रकम वितरण गरे पनि सूचना उपलब्ध भने गराईएन । सूचना मागकर्ताले छात्रवृत्ति वितरण गरेपछि त्यसको १५ दिनपछि २०७३ कात्तिक १५ गते नै कार्यालय प्रमुखको नाममा उजुरी दिँदा दर्ता गर्न नमानेपछि हुलाकमार्फत् उक्त उजुरी पठाउनुभएको थियो ।

यसरी हालिएको उजुरी उपर पनि कुनै कार्यवाही भएको छैन । यसपछि सूचना मागकर्ता नितेशप्रसाद केसरी राष्ट्रिय सूचना आयोग समक्ष उजुरी हाल्नुभएको र सो उपर कारवाही भई 'सात दिनभित्र सूचना उपलब्ध गराउनू' भन्ने आदेश दिइएको थियो । त्यसपछि प्रधानाध्यापकले सूचना मागकर्ताको घरमा गएर धम्क्याउने, उजुरी फिर्ता नलिएसम्म विद्यालय बन्द गराउने धम्की दिएर ५ दिनसम्म विद्यालय बन्द गरे । जिल्ला प्रहरी कार्यालयमा उजुरीकर्तालाई पक्राउने काम गरे । तर अभिभावक र स्वयं सूचना मागकर्ताले राष्ट्रिय सूचना आयोगको आदेश देखाएपछि प्रहरी प्रशासनले छाडेको थियो । त्यति गर्दा पनि सूचना उपलब्ध नगराएपछि २४ घण्टे आदेशका लागि सूचना आयोग समक्ष उजुरी हालेपछि राष्ट्रिय सूचना आयोगले प्रतिनिधि नै विद्यालयसम्म पठाएपछि बल्ल लिखित रूपमा सूचना उपलब्ध गराएको थियो ।

सूचना मागकर्ता नितेशप्रसाद केशरीलाई सम्बोधन गरी २०७४ जेठ १९ गते उपलब्ध गराइएको पत्रमा कागजात बुझाइएको उल्लेख

गरिएको छ । चलानी नं. २५ रहेको उक्त पत्रमा 'यस विद्यालयमा कात्तिक १ मा जिल्ला बारा गाविस धर्मनगर, हाल कलैया नगरपालिका- १२ बस्ने तपाईं नितेशप्रसाद केशरीले माग गरेको तपसिलबमोजिमका कागजातहरू सूचनाको हक अधिकारबमोजिम बुझाएको व्यहोरा अनुरोध छ' भनी उल्लेख गरिएको छ ।

उपलब्ध गराइएको सूचनामा शैक्षिक सत्र २०७१ मा २१ जनालाई छात्रवृत्ति वितरण गरिएको, शैक्षिक सत्र २०७२ मा २४ जनालाई र शैक्षिक सत्र २०७३ मा २८ लाई गरी तीन शैक्षिक सत्रमा ८३ जनालाई छात्रवृत्तिको रकम उपलब्ध गराएको विवरणमा उल्लेख गरिएको छ । साथै उपलब्ध गराइएको सूचनामा विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, स्रोत व्यक्ति, पार्टी प्रतिनिधिले गरेको निर्णयको थान ६ र शैक्षिक सत्रअनुसारको भर्पाइ ८३ गरी ९८ थान कागजात हस्ताक्षर नै गरी उपलब्ध गराइएको थियो । यसरी सूचना उपलब्ध गराइएको बोधार्थ राष्ट्रिय सूचना आयोग काठमाडौँलाई पनि उपलब्ध गराइएको थियो ।

❖ ❖